नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिन्धुली

# सिन्धुली जिल्लाको वन डढेलो नियन्त्रण पूर्व तयारी तथा प्रतिकार्य योजना

## आ.व. २०८२/०८३

**डिभिजन वन कार्यालय सिन्धुली, सिन्धुलीमाढी**

**डिभिजन वन कार्यालय मरिण, कपिलाकोट**

**सिन्धुली**

स्किम श्रेष्ठ
प्रमुख जिल्ला अधिकारी

# भाग १: जिल्लाको सामान्य परिचय

## १.१ पृष्ठभुमी

नेपालको केन्द्रिय भेगमा स्थित जुनारको जिल्ला भनेर चिनिने सिन्धुली जिल्ला वागमती प्रदेशको एक महत्त्वपूर्ण प्रशासनिक र भौगोलिक क्षेत्र हो। सिन्धुली जिल्ला नेपालको ऐतिहासिक दृष्टिकोणले पनि महत्त्वपूर्ण स्थान ओगटेको क्षेत्र हो। यस जिल्लाको इतिहास नेपालको एकीकरण, लोकतन्त्र र सामाजिक परिवर्तनसँग गहिरो सम्बन्ध राख्छ। वि.सं. १८२४ (ई.सं. १७६७) मा **पृथ्वीनारायण शाह**को नेतृत्वमा गोरखाली सेनाले **ईस्ट इन्डिया कम्पनी** (बेलायती सैनिक) लाई सिन्धुलीगढीमा पराजित गरेको थियो र यो **नेपालको इतिहासमा पहिलो पटक बेलायती सैनिक पराजित** भएको ऐतिहासिक विजय थियो। यस युद्धपछि सिन्धुलीको नाम **राष्ट्रिय गौरव**को प्रतीकको रूपमा चर्चित भयो। सिन्धुली जिल्लाको ऐतिहासिक यात्रा ऐतिहासिक घटनाहरू र सामाजिक-सांस्कृतिक उत्थानका साथै राजनीतिक संघर्षहरूको मिश्रण हो। ऐतिहासिक, सांस्कृतिक र भौगोलिक दृष्टिकोणले विशिष्ट स्थान ओगटेको यस जिल्ला उत्तरमा रामेछाप र ओखलढुंगा, पश्चिममा रौतहट, मकवानपुर र काभ्रेपलाञ्चोक, पूर्वमा उदयपुर र सिराह र दक्षिणमा धनुषा, महोत्तरी र सर्लाही गरी जम्मा दश जिल्लाहरु सँग सीमाना जोडिएको छ। १६८ मिटरको उचाइदेखि २७९७ मिटरसम्म फैलिएको सिन्धुली जिल्लाको औसत लम्बाई १०६ किलो मिटर र चौडाई २३.३ किलो मिटर छ तथा कुल क्षेत्रफल २४९१ वर्ग किलो मिटर रहेको छ। यस जिल्लाको अधिकांश भूभाग चुरे क्षेत्रमा पर्दछ भने बाँकी भाग मध्य पहाडी क्षेत्रमा पर्ने भएकाले यस जिल्लालाई भित्री मधेशको जिल्ला भनेर समेत चिनिन्छ। विभिन्न जाति, संस्कृति र भाषाका मिश्रणबाट बनेको सिन्धुली जिल्लालाई सांस्कृतिक विविधताको प्रतिनिधित्व गर्ने एक महत्त्वपूर्ण क्षेत्र बनाउँछ। यहाँका प्रमुख जातिहरूमा क्षेत्री, बाहुन, तामाङ, नेपाली, थारू, मगर, कामी, शेर्पा, र गुरुङ रहेका छन्, र यहाँको स्थानीय भाषामा नेपाली, मैथिली, र अन्य जनजातीय भाषाहरू प्रचलित छन्। यहाँ मानिसहरु मुख्यतया कृषि, वन र व्यापारमा आवद्ध भएको पाइन्छ। जुनार र जंगल आर्थिक विकासको आधार मानिएको सिन्धुली जिल्ला नेपालको सबैभन्दा बढि जुनार उत्पादन गर्ने जिल्ला हो। नमुना राजमार्गका रुपमा बिपी राजमार्ग निर्माण भई सञ्चालनमा आए पश्चात् प्रदेश नं. २ र प्रदेश नं. १ लाई राजधानीसँग जोडने प्रमुख द्वारको रूपमा सिन्धुली विकसित भइरहेको छ।

## १.२ भौगोलिक अवस्थिति

क्षेत्रफल : २४९१ वर्ग किमी

अक्षांश : २६° ५५' देखि २७° २२' उत्तरी अक्षांश

देशान्तर : ८५° १५' देखि ८६° २५' पूर्वी देशान्तर

उचाइ : समुन्द्र सतहबाट १६८ मिटरको उचाइदेखि २७९७ मिटरसम्म

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय सिन्धुली

स्किम श्रेष्ठ
प्रमुख जिल्ला अधिकारी

लम्बाई : १०६ किमी

चौडाइ : २३.३ किमी

हावापानी : बिषम (उष्ण, उपोष्ण र समशीतोष्ण)


वर्षात : औषत् १४२० मि.मि. (सबैभन्दा उच्च ३५५४ मि.मि.)

तापक्रम : ५.३ सेन्टिग्रेडदेखि २८.३ सेन्टिग्रेडसम्म

यस जिल्लाको कूल क्षेत्रफल मध्ये भू—धरातलिय दृष्टिकोणले हेर्दा शिवालिक (चूरे पर्वत श्रृंखला) ले ६२ प्रतिशत भू-भाग ढाकेको छ भने मध्य पहाडले करिव ३८ प्रतिशत भू—भाग ढाकेको छ ।

चार किल्ला:

पूर्व तर्फ : उदयपुर, सिराहा
पश्चिम तर्फ : रौतहट, मकवानपुर र काभ्रेपलाञ्चोक
उत्तर तर्फ : रामेछाप, ओखलढुंगा
दक्षिण तर्फ : धनुषा, महोत्तरी, सर्लाही




**चित्र१ सिन्धुली जिल्लाको भौगोलिक विभाजन गरेको नक्सा**

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिन्धुली

सिकम श्रेष्ठ
प्रमुख जिल्ला अधिकारी

### १.२.१ माटो

यस जिल्लाको चुरेपर्वत Coarsely Hedded Stone द्वारा बनेको छ भने महाभारत पर्वत बलौटे ढुङ्गा (Sandy stone), चुन ढुङ्गा (Lime), Quartzite तथा Gnesis द्वारा निर्मित छ। यस जिल्लाको धेरै जसो भू–भागमा विभिन्न किसिमका ग्राभेल मिसिएको पाँगो माटो पाईन्छ। यस जिल्लाको बनोटमा चिम्ट्याईलो माटोको कमिले गर्दा जिल्लाको धेरै जसो ठाँउमा पहिरो गएको देख्न सकिन्छ। महाभारत क्षेत्र र उपत्यकामा माटो राम्रो र उब्जाउ छ। राम्रो पाँगो माटो यस जिल्लाको मध्य भागमा मात्र पाईन्छ। मसिनो पाँगो माटो सिमित ठाँउमा मात्र पाईन्छ भने बलौटे माटो नदी किनारका छेउछाउमा पाईन्छ। बालुवा मिसिएको ग्राभेल माटो कमला, मरिण, चदाहा, सुनकोशी नदीका छेउहरुका जमिनमा पाईन्छ। कतै कतै पाँगो, ग्राभेल, चिम्ट्याईलो आदि किसिमको माटो पाईन्छ।

### १.२.२ हावापानी

यस जिल्लाको हावापानी विषम (उष्ण, उपोष्ण र समसितोष्ण) रहेको छ । उष्ण जलवायु सिन्धुली जिल्लाको ६०० मिटर भन्दा होचो भागमा पाईन्छ।यस क्षेत्रमा धेरै गर्मी हुन्छ । उपोष्ण जलवायु ६०० मिटर देखि माथि १२०० मिटर सम्मका चूरेक्षेत्रमा पाईन्छ । यस क्षेत्रमा गृष्म ऋतुमा अत्यन्त गर्मी हुने र जाडो याममा धेरै जाडो हुने किसिमको विषम हावापानी पाईन्छ । समसितोष्ण जलवायु महाभारत क्षेत्रका करिव १२०० मिटर देखि माथि उचाईमा रहेका भागमा पाईन्छ । यसमा हिउँदमा केही जाडो र अन्य समयमा न्यानो हावापानी रहन्छ । नेपालको अन्य भागमा झैं यो जिल्लामा पनि मन्सुनी वर्षाको प्रभाव परेको छ। देशका अन्य धेरै जिल्लाको तुलनामा यस जिल्लामा बढि वर्षा हुने गरेको रेकर्डबाट देखिन्छ। यस जिल्लाको औषत न्यूनतम तापक्रम ६.३ डिग्री सेल्सियस देखि अधिकतम तापक्रम ३४.२९ डिग्री सेल्सियस छ भने औषत वार्षिक वर्षा १४७.१ मि.मि. रहेको छ (सबैभन्दा उच्च ३५५४ मि.मि.)।

### १.२.३ जल सम्पदा

यस जिल्लाको पश्चिम सिमानामा बागमती, उत्तर सिमानामा सुनकोशी तथा पूर्वी सिमानामा तावा नदी पर्दछ। अन्य नदीहरुमा सदरमुकाम छेउबाट पूर्व तर्फ बग्ने कमला नदी, ग्वाङखोला, गढौली खोला, पश्चिम तर्फ मरीण खोला र क्यान खोला पर्दछ। उत्तर तर्फबाट आउने अन्य खोलाको हकमा यस जिल्लामा चदाहा खोला, अरुणठाकुर खोला, ककुरठाकुर खोला, वागमती कोखाजोर खोला, भालु खोला, लंगुर खोला, तमोर खोला, गंगटे खोला, निगुरे खोला, घघेरी खोला, वाक्सु खोला, बन्दीजोर खोला, गौमती, धोक्सीला खोला आदि पर्दछन्। यी मध्ये कमला तथा मरिण यस जिल्लाका मुख्य नदीहरु हुन्। रोशी, धनमना, सिम्ले, वितिजोर, अरुण, ककुर लगायत यस जिल्लामा १४९ वटा ठूलासाना नदीहरू रहेका छन्।

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय सिन्धुली

स्किम श्रेष्ठ
प्रमुख जिल्ला अधिकारी

### १.२.४ भू-उपयोगिता

सिन्धुली जिल्लाको कुल भू-भागमध्ये ५७.७ प्रतिशत चुरे पहाड क्षेत्रमा पर्दछ भने ४२.३ प्रतिशत मध्य पहाडी क्षेत्रमा पर्दछ। यस डिभिजनको जम्मा क्षेत्रफल १,४३,८८९ हेक्टर सिमांकन गरेको पाइन्छ, भने वन क्षेत्र ८७३२८.४ को हेक्टर (६०.७ प्रतिशत) रहेको छ। (डि.एफ.आर.एस./एफ.आर.ए, डिसेम्बर, २०२२)।

## १.३ जिल्लाको वन सम्पदा तथा वन्यजन्तुहरु

### १.३.१ वनको किसिम

सिन्धुली जिल्लाको जलवायू, भौगोलिक अवस्था, भिरालोपन, यहाँको माटो आदिको आधारमा यहाँ उष्ण र उपोष्ण वनहरु रहेका छन्। यस जिल्लाको पूर्वी भागमा कमला नदी पश्चिममा मरिण नदी तथा उत्तरमा सुनकोशी नदी रहेको र यसका आसपासमा समेत फरक फरक प्रकारको वन रहेको छ। यस क्षेत्रको वनमा पाईने रुख, झाडी बुट्यान तथा गैह्रकाष्ठ वन पैदावार प्रजातिहरु निम्न अनुसार रहेका छन्।

**(क) उष्ण तथा उपोष्ण वन**

**१. सालको वन**

जिल्लाको चूरे, तथा महाभारतको तल्लो क्षेत्रमा विशेष गरी सालको वन पाईन्छ। हाल महाभारत क्षेत्रमा यसको धेरैजसो भाग कृषि भूमिमा परिणत भएकोले हाल टुक्राटुक्री तथा चूरेक्षेत्रमा चक्लाको रुपमा छरिएर रहेको छ। साधारणतया सालको वन यहाँको १६८ मी. देखि माथिल्लो उचाई १२०० मी. सम्म पाईन्छ। कतैकतै करिब १५०० मी. उचाईमा पनि सालको वन पाईने गरेको छ। सालको जंगलमा पाईने अन्य प्रजातिहरुमा साज, हर्रो, बर्रो, बोटधँयेरो, बाँझी, कर्मा आदि मिसिएर रहेका छन्। यस प्रकारको वन भएको चूरिया क्षेत्रमा वनकस, भोर्लाको पात थाकल जस्ता गैह्रकाष्ठ वन पैदावार समेत पर्याप्त मात्रामा पाईने गरेको छ।

**ख) उष्ण प्रदेशिय नदी तटिय पतझड वन**

यो वन यस जिल्लाको मरिण, कमला नदीको दुन क्षेत्रका नदी किनारहरुमा पाईन्छ। यस अन्तर्गत मुख्य प्रजातीहरुमा सिसौ र खयर तथा अन्य प्रजातीहरुमा सिमल, बोटधँयेरो, घंघारु, गुटेल आदि मिश्रित रुपमा पाईएको छ।

**(ग) उष्ण प्रदेशिय सदाबहार वन**

सिन्धुली जिल्लामा १००० मी. भन्दा कम उचाईमा भित्री मधेश र महाभारत पहाडको फेदीमा यस जिल्लाको पश्चिम भागका पानीको बहाव हुने क्षेत्रहरु, साँगुरा धारहरु र ओसिला भागमा यस प्रकारको वन पाईन्छ । यस जिल्लामा चाँप, मसुरे कटुस, ढाल्ने कटुस परिवारका प्रजातीहरु समेत पाईन्छन्। यस क्षेत्रमा पाषणभेद, मुस्ली जस्ता जडिवुटी पाईन्छन्।

**(घ) उपोष्ण प्रदेशिय सदाबहार वन**

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय सिन्धुली

स्किम श्रेष्ठ
प्रमुख जिल्ला अधिकारी

यस जिल्लाको १,०००—१५०० मी. को उचाईमा प्रशस्त मात्रामा वर्षा हुने ठाउँहरु विशेष गरी महाभारत पर्वत श्रृंखलाको बिचको पहाडको फेदीमा पाईन्छ । यस अन्तर्गत मुख्य प्रजातिहरुमा बेपारी, जामुन, भोटे चाँप इत्यादि प्रजातिहरु र जिवन्तीका साथै विभिन्न थरीका सुनगाभाहरु पाईन्छन्।

**१. साज वन**

साज उष्ण तथा उपोष्ण क्षेत्रमा पाईने प्रमुख प्रजाति भएता पनि यो साल तथा अन्य प्रजातिको मिश्रित रुपमा कमला र मरिण नदिको आसपासमा पाईने गरेको छ । यस जिल्लामा रेकर्ड गरिए अनुसार मिश्रित रुपमा साज, हर्रो, बर्रो, पानीसाज आदि प्रजातिहरु रहेका छन् । यो वन पूर्वी, मध्य तथा पश्चिम सिन्धुलीको चूरेको फेद तथा दुन क्षेत्रमा पाईन्छ ।

**२. सिसौ र खयरको वन**

यो वन नदीले बगाई ल्याएको नयाँ मलिलो माटो र पाँगो माटो भएको भावर तथा दुन क्षेत्रका कमला, मरिण तथा सुनकोशी नदी किनारहरुमा पाईन्छ । यस प्रकारको वन नदीमा सक्सेसन शुरु भएको क्षेत्रमा वनको रुपमा विकास हुँदै आएको छ ।

**(ङ) उपोष्ण प्रदेशिय पतझड पहाडी वन**

यो वन करिब १२०० मी. सम्मको पहाडको फेदी तथा मध्यभागका महाभारत पर्वत श्रृंखलाका उत्तरी मोहडा र सो पर्वतको भागवाट वग्ने नदी तटिय उपत्यकाहरुमा यस प्रकारको वन पाइएको छ। यो वन सिन्धुली जिल्लाको पूर्वी भागमा भन्दा पश्चिममा प्रचुर मात्रामा पाईन्छ। प्रमुख प्रजातीहरुमा चिलाउने, ढाले कटुस, बाँझी, साज, बोटधँयेरो, कोईरालो, भलायो, खिर्रो, दबदबे, बेल आदि पर्दछन्। यस क्षेत्रमा तेजपात, टिमुर जस्ता जडिवुटि पाईन्छन् ।

**१. चिलाउने—कटुसको वन**

यो वन १००० मी. देखि २७९७ फिटसम्मको उचाईमा पाईन्छ। नेपालमा पाईने कटुसका तीन प्रजाती मध्ये मसुरे कटुस पूर्व देखि पश्चिम नेपालको मध्य भागमा पाईने प्रजाति यस जिल्लाको महाभारत क्षेत्रमा माथिल्लो भागमा पाईन्छ।यसका साथै यस क्षेत्रमा पात्ले कटुस र ढाले कटुस समेत पाईने गरेको छ। चिलाउने र ढाल्ने कटुसको वन १०००—१५०० मि. सम्मको दक्षिणी र उत्तरी मोहडामा पाईन्छ। यस क्षेत्रमा लौठ सल्ला जस्ता गैह्रकाष्ठ वन पैदावार समेत पाईने गरेको छ ।

**२. खोटे सल्लाको वन**

खोटे सल्लाको वन साधारणतया ९०० देखि २००० मी. सम्मको उचाईमा पाईन्छ। यस जिल्लाको महाभारत पर्वत श्रृंखलामा यस प्रकारको वन रहेको छ। प्रजातिका आधारमा यस जिल्लमा मुख्य गरी ३ प्रकारका वनहरु रहेका छन्।

**(क) सल्ला, कटुस, चिलाउनेको मिश्रित वन**

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय सिन्धुली

स्किम श्रेष्ठ
प्रमुख जिल्ला अधिकारी

यो महाभारत पर्वत क्षेत्रमा पर्दछ। यस्मा सल्ला तथा केहि साल, चिलाउने कटुस, हाडेओखर, चाँप, लालीगुराँस, काफल, आदि पाईन्छ। यसको उचाई १२१९ मिटर देखि २३८७ मिटर सम्म पर्दछ। यस क्षेत्रमा स्रवलैण्ड बढि छ।

**(ख) साल, अस्ना, कर्मा मिश्रित वन**

यसको उचाई ६१० मिटर देखि १२१९ सम्मको छ। यस क्षेत्रमा वढी मात्रामा सालको रुख पाईन्छ। यो चूरे क्षेत्रमा पर्दछ। यसमा छिमेकी जिल्लाबाट वढि चोरी कटानीले गर्दा यस क्षेत्रको वन जंगलको घनत्व पनि त्यति राम्रो छैन। यस क्षेत्रमा साल वाहेक अस्ना, कर्मा, चिलाउने, जामुन, अमला आदि पाईन्छ।

**(ग) साल, खयर मिश्रित वन**

यसको उचाई १६८ मिटर देखि ६१० मिटर सम्म रहेको छ । यसमा मुख्य साल तथा नदी किनारामा खयर, सिमल आदि पाईन्छ।

**१.३.२ जिल्लामा पाइने प्रमुख वन्यजन्तुहरु**

यस सिन्धुली जिल्लामा विशेषगरी जरायो, चितुवा, चित्तल, दुम्सी, बदेल, रतुवा, लंगुर, मृग, सालक, निलगाई, खरायो, बाघ, वन विरालो, बाँदर, स्याल, भालु, लोखर्के, कछुवा, खरायो, आदि पाइन्छ। त्यस्तै पंक्षीहरुमा कालिज, मयूर, सुगा, ढुकुर, मैना, कोइली, राज धनेस, वन कुखुरा, गिद्ध, चील, सारस, भंगेरो, राजहांस, बाज, काग आदि पाइन्छन् भने सरीसृप जातीहरुमा सर्प, सुनगोहोरो, छेपारो, भ्यागुता आदि पाइन्छन्।

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय सिन्धुली

रिकेस श्रेष्ठ
प्रमुख जिल्ला अधिकारी

# भाग २  डिभिजन वन कार्यालयहरुको परिचय

साविक जिल्ला वन कार्यालय हुँदा पुरै जिल्ला भरी कार्यक्षेत्र रहेकोमा संघियता कार्यान्वयनको क्रममा जिल्लाको वन क्षेत्रको संवेदनशिलता र कामको चाप हेरी सिन्धुली जिल्ला अन्तर्गत २ वटा डिभिजन राखिएको छ। जसमध्ये डिभिजन वन कार्यालय सिन्धुलीको कार्यक्षेत्र अन्तर्गत कमलामाई नगरपालिका वडा नं २ देखि १४, दुधौली नगरपालिका, तिनपाटन गाउँपालिका, गोलन्जोर गाउँपालिका र फिक्कल गाउँपालिकाको पुरै क्षेत्र पर्दछ भने डिभिजन वन कार्यालय मरिणको कार्यक्षेत्र अन्तर्गत कमलामाई नगरपालिका वडा नं १, सुनकोशी गाउँपालिका, घ्याङ्लेख गाउँपालिका, मरिण गाउँपालिका र हरिहरपुरगढी गाउँपालिकाको पुरै क्षेत्र पर्दछन्।

## २.१ डिभिजन वन कार्यालय, सिन्धुली

यस डिभिजन वन कार्यालय अन्तर्गत ८ वटा सव डिभिजन वन कार्यालयहरु स्थापना गरी कामकाज संचालन हुँदै आएको छ। हाल यस डिभिजनमा सामुदायिक वन ३१६ को क्षेत्रफल ६३७२०.०६ हेक्टर बाट ४०५११ घरधुरी प्रत्यक्ष लाभान्वित भएका छन् भने २१८ कबुलियती वन समुहहरुको क्षेत्रफल १३६९.९१ हेक्टरबाट २००५ घरधुरी प्रत्यक्ष लाभान्वित भएका छन्। त्यसैगरी ९ निजी वनहरुको क्षेत्रफल ६.८२ हेक्टबाट ९ घरधुरी प्रत्यक्ष लाभान्वित भएका छन्।

विगतदेखि वर्तमानसम्मको यात्रामा डिभिजन वन कार्यालय, सिन्धुलीले बहुआयामिक उपलब्धिहरू हासिल गरेको छ। हिजोको प्रतिबद्धता, आजको प्रयास र भोलिको समृद्धिको सपना बोकी, यो कार्यालय निरन्तर अघि बढिरहेको छ। प्राकृतिक श्रोत–साधनको न्यायोचित र दिगो उपयोगमार्फत वातावरणीय सन्तुलन कायम राख्दै स्थानीय जनताको जीवनस्तर उकास्नु नै हाम्रो प्रमुख उद्देश्य हो।

### २.१.१ सव डिभिजन वन कार्यालयहरु

वन क्षेत्रको उचित व्यवस्थापन गरी यस क्षेत्रबाट जनसमुदायलाई प्रदान गरिने सेवा तथा सुविधाहरुलाई
प्रभावकारी रूपमा प्रवाहित गर्न डिभिजन वन कार्यालय सिन्धुलीलले सेवाग्राही जनतालाई सेवा प्रदान गर्दै आएको
छ ।हाल यस कार्यालय अन्तर्गत ८ वटा सव डिभिजन वन कार्यालयहरु रहेका छन्। यस कार्यालयको ढाँचा
तथा सव डिभिजन वन कार्यालयहरूको सेवा प्रवाहको विस्तारित कार्यक्षेत्र निम्न बमोजिम छ।

तालिका १: सबडिभिजन वन कार्यालयको मुकाम र कार्यक्षेत्र-

| सि.नं. | सव डि.व.का. | मुकाम | कार्य क्षेत्र अन्तर्गत रहने स्थनीय तहहरु | सा.व.उ.स. संख्या |
|---|---|---|---|---|
| १ | सिद्धेश्वर | कमलामाई न.पा-०६, सिन्धुलीमाढी | कमलामाई न.पा-२ देखि ८ को केही भाग | ४७ |


नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिन्धुली

स्किम श्रेष्ठ
प्रमुख जिल्ला अधिकारी

| सि.नं. | सव डि.व.का. | मुकाम | कार्य क्षेत्र अन्तर्गत रहने स्थनीय तहहरु | सा.व.उ.स. संख्या |
|---|---|---|---|---|
| २ | तीनपाटन | तीनपाटन गा.पा- ५ मजुवादोभान | तीनपाटन गाँउपालिका पुरै | ५९ |
| ३ | भिमान | कमलामाई न.पा-९, भिमान | कमलामाई न.पा- ८ को केही भाग देखि १२ | ४७ |
| ४ | गोलञ्जोर | गोलञ्जोर गा.पा-६, खुर्कोट | गोलञ्जोर गाँउपालिका पुरै | ३९ |
| ५ | फिक्कल | फिक्कल गा.पा -४ खाडसाङ | फिक्कल गाँउपालिका पुरै | २८ |
| ६ | रानीबास | कमलामाई न.पा-१४, रानीबास | कमलामाई न.पा-१३ र १४ दुधौली न.पा — ३ | १९ |
| ७ | दुधौली | दुधौली न.पा- ९ दुधौली बजार | दुधौली न.पा- ७ देखि १४ | ५१ |
| ८ | हर्षाही | दुधौली न.पा-४, डकाहा | दुधौली न.पा-१ देखि ६ | २६ |

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय सिन्धुली

रिकेश श्रेष्ठ
प्रमुख जिल्ला अधिकारी




**चित्र २ : डि.व.का. सिन्धुलीको सव डिभिजन वन कार्यालयहरु देखाईको नक्सा**

### २.१.१ डिभिजन वन कार्यालय, मरिण

यस डिभिजन वन कार्यालय अन्तर्गत ८ वटा सव डिभिजन वन कार्यालयहरु स्थापना गरी कामकाज संचालन हुँदै आएको छ। हाल यस डिभिजनमा २०५ वटा सामुदायिक वन उपभोक्ता समूह गठन भएका छन्, जसले कुल ५४,८२३.८६ हेक्टर वन क्षेत्र व्यवस्थापन गर्दै आएका छन्। यी सामुदायिक वन उपभोक्ता समूहमा १८,९७३ घरधुरी आवद्ध रहेका छन् र यसबाट ९९,८५० जना जनसंख्या प्रत्यक्ष रूपमा लाभान्वित भएका छन्। यसैगरी, डिभिजनमा कबुलियती वन कार्यक्रमअन्तर्गत २३३ वटा कबुलियती वन उपभोक्ता समूह क्रियाशील रहेका छन्। यी समूहहरूले १,३८१.४५ हेक्टर वन क्षेत्र ओगटेका छन्। कबुलियती वन उपभोक्ता समूहमा २,२९० घरधुरी आवद्ध रहेका छन् भने यसबाट १२,२४९ जना जनसंख्या लाभान्वित भएका छन्। डिभिजनमा निजी वनको अवस्था हेर्दा ६ वटा निजी वन रहेका छन्, जसले कुल २.६७ हेक्टर क्षेत्र ओगटेका छन्।

### २.२.१ सव डिभिजन वन कार्यालयहरु


वन क्षेत्रको उचित व्यवस्थापन गरी यस क्षेत्रबाट जनसमुदायलाई प्रदान गरिने सेवा तथा सुविधाहरुलाई प्रभावकारी रूपमा प्रवाहित गर्न डिभिजन वन कार्यालय सिन्धुलीलले सेवाग्राही जनतालाई सेवा प्रदान गर्दै आएको छ ।हाल यस कार्यालय अन्तर्गत ८ वटा सव डिभिजन वन कार्यालयहरु रहेका छन्। यस कार्यालयको ढाँचा तथा सव डिभिजन वन कार्यालयहरूको सेवा प्रवाहको विस्तारित कार्यक्षेत्र निम्न बमोजिम छ।

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय सिन्धुली

स्किम श्रेष्ठ
प्रमुख जिल्ला अधिकारी

तालिका २: सबडिभिजन वन कार्यालयको मुकाम र कार्यक्षेत्र-

| सि.नं. | सव डि.व.का. | मुकाम | कार्य क्षेत्र अन्तर्गत रहने स्थनीय तहहरु | सा.व.उ.स. संख्या |
|---|---|---|---|---|
| १ | सुनकोशी | सुनकोशी-३, झाँगाझोली रातमाटा | सुनकोशी गाउँपालिका पुरै | २९ |
| २ | बस्तीपुर | घ्याङलेख -२, हायुटार | घ्याङलेख गाउँपालिका पुरै | १७ |
| ३ | महादेवस्थान | कमलामाई -१, डाँडी गुराँसे | कमलामाई-१ र मरिण-५, ७ | ३४ |
| ४ | कपिलाकोट | मरिण -६, छाप | मरिण -१, २ र ६ | १५ |
| ५ | कल्पवृक्ष | मरिण -४, सहान | मरिण -३, ४ | २७ |
| ६ | क्यानेश्वर | हरिहरपुरगढी -८, पथराई | हरिहरपुरगढी -६, ७ र ८ | ३६ |
| ७ | महेन्द्रझ्याडी | हरिहरपुरगढी -२, चैनपुर | हरिहरपुरगढी -२, ४ र ५ | २६ |
| ८ | पिपलमाढी | हरिहरपुरगढी -३, गुर्जी | हरिहरपुरगढी -१ र ३ | २१ |




चित्र ३: डि.व.का. मरिणको सव डिभिजन वन कार्यालयहरु देखाईको नक्सा

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिन्धुली

स्किम श्रेष्ठ
प्रमुख जिल्ला अधिकारी

# भाग ३ वन डढेलो कार्ययोजनाको औचित्य

## ३.१ राष्ट्रिय पृष्ठभूमि


नेपालमा हुने विभिन्न प्रकारका विपद्जन्य घटनाहरुमध्ये वनक्षेत्रमा हुने आगलागी पनि एक हो। वनमा घाँस दाउरा लिन वा गाईवस्तु चराउन जाने मानिसको कमी, काठको विकल्पमा धातु तथा प्लाष्टिकका सामग्रीहरूको बढ्दो प्रयोग र दाउराको विकल्पमा ग्यास तथा बिजुलीको उपलब्धताले वन माथिको निर्भरता कम हुन गई वनक्षेत्रको विस्तार भएको छ। वन क्षेत्रको विस्तारसँगै उचित व्यवस्थापन र सदुपयोगको अभावमा वनमा आगलागीको जोखिम पनि बढेको छ। विगत केही वर्षदेखि वन डढेलोका घटनाहरू तीव्र रूपमा बढ्दै गएको देखिन्छ। जलवायु परिवर्तनको असर बढ्दै गइरहेको सन्दर्भमा वनको उचित व्यवस्थापन हुन नसक्दा आगलागीको जोखिम थप बढ्ने उच्च सम्भावना छ ।

विगतका घटनाहरूको आधारमा अधिकांश वन डढेलो मानिसहरूले लगाएको देखिन्छ । वन डढेलो लाग्ने कारणहरूमा चरिचरणका लागि आगो लगाउने प्रवृत्ति (३० प्रतिशत), चुरोट पिउनेहरूबाट (१५ प्रतिशत), शिकारीहरूबाट (७ प्रतिशत), वनभोज, क्याम्प फायर आदिबाट (७ प्रतिशत), बच्चाहरू खेल्दा (६ प्रतिशत), अवैध काठ कटान गर्नेहरूबाट (५ प्रतिशत), अतिक्रमणकारीहरूबाट (५ प्रतिशत), खोरिया फडानीबाट (५ प्रतिशत), अज्ञात कारणबाट (४ प्रतिशत), गोल पोल्नेबाट (४ प्रतिशत), जडिबुटी संकलकहरूबाट (३ प्रतिशत), राँको बाल्ने कारणले (३ प्रतिशत), खेतीपातीको लागि (१ प्रतिशत) रहेको पाइन्छ (शर्मा, १९९५; गोल्डामर २०११)।

नेपालमा सबै वन डढेलोहरू मानविय कारकको रूपमा रहेका छन् भन्दा अतियुक्ति नहोला किन भने नयाँ घाँसको पालुवा पलावस् भन्ने हेतुले र हेलचक्राईको कारणले चुरोटको ठुटो फाल्ने कार्यले मात्रै समग्र वन डढेलोको ४५ प्रतिशत हिस्सा ओगटेको पाइन्छ । नेपालमा पहिलो पटक १४ अप्रिल २०२० मा चट्टानको कारणले वन डढेलो भएको रिपोर्ट गरिएको छ । नेपालमा वन डढेलो सम्बन्धि हालसम्म भएका अध्ययन तथा अनुसन्धानलाई आधार मान्दा मानिसले जानी जानी वन डढेलो लगाउनेको हिस्सा करिव ६४ प्रतिशत र नजानेर वा हेलचक्राईको कारणले ३२ प्रतिशत र ४ प्रतिशत अरू एकिन हुन नसकेको कारणबाट वन डढेलो लाग्ने गरेको छ।

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय सिन्धुली

स्किम श्रेष्ठ
प्रमुख जिल्ला अधिकारी




Sourc: Sharma 1995 and Goldammer 2011

चित्र ४: वन डढेलोका कारणहरु

अज्ञानता होस् वा जानीजानी जसरी लगाए पनि आगलागीका कारण थुप्रै वन क्षेत्र र घरबस्तीहरु जलेका घटना नौला होइनन् । यो चुनौति नै वन क्षेत्रमा विपदको रुपमा असर पुऱ्याउने गरी भयावह हुने गरेको छ । यसै चुनौतिको सामना गर्नका लागि वन डढेलो नियन्त्रणको ठोस कार्यक्रम आवश्यक देखिन्छ । सो कार्यक्रमको परिपुरकको रुपमा एकिकृत कार्यक्रमको रुपमा यस वन डढेलो नियन्त्रण कार्य योजना तयार पारिएको हो ।

भिरालो जमिनको अवस्थिति, सामुदायिक वन उपभोक्ताहरुको वनको अपनत्वमा महसूसमा आएको कमी र वन क्षेत्र प्रयोगमा सबैको हुने तर संरक्षणमा कसैको नहुने everyone's property is no one property का कारण पनि आगलागी बढेको हो भन्न सकिन्छ। दाउराको सट्टा ग्याँस, सोतरको सट्टा रसायनिक मलको प्रयोग, गाईवस्तु पालन र चरणमा कमी समय समयमा वन सम्वर्धन कार्य हुन नसक्दा अस्वस्थकर वनमा सुकेका दाउरा पात पतिङ्गर लगायतका प्रज्वलनशिल पदार्थको परिमाण र घनत्व बढ्न गई वन डढेलोको लागि उत्प्रेरकको भूमिका खेल्न गएको देखिन्छ । वन कार्यालयको सिमित साधन श्रोत र आगलागी नियन्त्रणको लागि दक्ष जनशक्तिको अभावका कारण आगो लागी हालेमा पनि मुक दर्शक बन्नबाहेक बिकल्प कमै देखिन्छ। यद्यपि वन कार्यालय, सामुदायिक वन उपभोक्ताहरु, सुरक्षाकर्मी तथा नागरिकको सहयोगले वन डढेलो नियन्त्रणका थुप्रै प्रयासहरु नभएका होइनन्। प्राप्त अनुभव र सफल अभ्यासको सिकाई नै यस कार्य योजना निर्माणको लागि आधार हुन्। आगो आफैमा राम्रो सेवक र खराब मालिक पनि हो ।

स्किम श्रेष्ठ
प्रमुख जिल्ला अधिकारी

गृह मन्त्रालयबाट प्रकाशित नेपाल विपद् प्रतिवेदन, २०२४ का अनुसार पछिल्लो ६ वर्षको अवधिमा आगलागीका १९ हजार ५९३ घटना घटेका थिए भने आगलागीमा परी ५९३ जनाले ज्यान गुमाएका थिए। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको तथ्याङ्क अनुसार आ.व. २०७७।७८ देखि आ.व. २०८१।८२ सम्मको वन डढेलोका घटना र वन डढेलोका घटना र तिनमा भएको क्षति तालिका १ मा उल्लेख गरिएको छ।

तालिका ३. वन डढेलोका घटना र क्षतिको विवरण (१७ जुलाई २०१८ देखि १६ जुलाई २०२४)

| आर्थिक वर्ष | घटना संख्या | मृत्यु | घाइते | प्रभावित परिवार | घर क्षति (आंशिक) | घर क्षति (पूर्ण) | गोठ क्षति | पशु चौपाया क्षति | अनुमानित क्षति रु. |
|---|---|---|---|---|---|---|---|---|---|
| २०७७/२०७८ | ९२ | ३ | २ | ३८ | १ | २७ | २ | ० | ३४,६६,२०० |
| २०७८/२०७९ | ८३ | १ | ३ | ३९ | ९ | २० | १० | ८४ | १,५४,०१,२०० |
| २०७९/२०८० | २६८ | ५ | १३ | २६ | ० | ९ | २ | ३ | १३,८५,००० |
| २०८०/२०८१ | ९६५ | १७ | २७ | ५३१ | १०३ | २४२ | २६१ | ४३१ | ८७,४३,०३,६०० |
| २०८१/२०८२ | ७५१ | ४ | १० | २२२ | २० | ५८ | ६० | ७४ | २,३३,७१,९१० |
| जम्मा | **२१५९** | **३०** | **५५** | **८५६** | **१३३** | **३५७** | **३३५** | **५९२** | **९१,७९,२७,९१०** |

स्रोतः राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिन्धुली

स्किम श्रेष्ठ
प्रमुख जिल्ला अधिकारी

## ३.२ डढेलो सम्वन्धी मौजुदा कानूनी प्रावधान

डढेलो हामी सबैको साझा शत्रु हो र यसको प्रभावकारी नियन्त्रणमा नै मानव जगतको भलाई हुन्छ। अतः सोहि तथ्यलाई मध्यनजर गर्दै नेपाल सरकारले डढेलोको नियन्त्रण तथा रोकथामको लागि कानुनी व्यवस्था गरेको छ। हाल नेपालमा डढेलोसँग सम्बन्धित निम्नानुसराको कानुनी व्यवस्था रहेको छ र ती कानुनी दस्तावेजहरुमा वन डढेलोसँग सम्बन्धित व्यवस्था तल उल्लेख गरिएको छ ।

### क. संवैधानिक व्यवस्था

आफ्नो नागरिकहरुको जुनसुकै आपत् विपद परेका वेला संरक्षण, सुरक्षा र भरणपोषण गर्नु राज्यको कर्तव्य हो। नेपालको वर्तमान संविधानले विपद् जोखिम न्यूनीकरणलाई प्राथमिकता प्रदान गरेको छ। यसले वर्तमान संघीय संरचना अनुरुप संघ, प्रदेश र स्थानीय तीनवटै तहमा सशक्त र प्रभावकारी कार्य गर्न मार्गदर्शन गरेको छ। नेपालको संविधान, २०७२ को अनुसूची ७ को क्र.सं. १७ मा प्राकृतिक तथा गैर प्राकृतिक विपद् पूर्वतयारी, उद्धार तथा राहत र पुर्नलाभ कार्यलाई संघ र प्रदेशको साझा अधिकारको सूचीमा सूचीकृत गरिएको छ भने अनुसूची ९ को क्र.सं. ९ मा संघ, प्रदेश र स्थानीय तह गरी तीनै तहको साझा अधिकारको सूचीमा विपद् व्यवस्थापनलाई राखिएको छ। त्यस्तै गरी नेपालको संविधानको अनुसूची ८ को क्र.सं. २० ले विपद् व्यवस्थापनलाई स्थानीय तहको एकल अधिकारको सूचीमा समेटेकोले यसमा स्थानीय तहको महत्वपूर्ण भूमिका हुनुपर्ने स्पष्ट गरेको छ। वन नेपालको महत्वपूर्ण प्राकृतिक सम्पदा हो । यो नेपालको सबै भन्दा ठूलो सार्वजनिक सम्पति पनि हो। यसमा डढेलो लागेमा र नियन्त्रण भन्दा बाहिर गएमा यसले महिला, श्रमिक, बृद्ध, अपाङ, अशक्त, असाहय, धनी, गरिब केही नभनी सबैलाई चपेटामा पार्दछ। यस संवैधानिक व्यवस्थाले विपद्मा परेका र पर्न सक्ने नागरिकहरुलाई सुरक्षित राख्न राज्यबाट पहल हुने कुरालाई सुनिश्चितता गरेको छ।

### ख. नीति तथा रणनीतिगत व्यवस्था

#### (१) विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५

विपद् जोखिमबाट सुरक्षित, जलवायु अनुकूलित तथा उत्थानशील राष्ट्रको निर्माण गर्दै दिगो विकासमा योगदान पुर्याउने दीर्घकालिन लक्ष्य सहित यो नीति लागू गरिएको छ। यस नीतिका प्रमुख उद्देश्यमा प्राकृतिक तथा गैह्प्राकृतिक विपद्बाट व्यक्तिको जीवन तथा सम्पत्ति, स्वास्थ्य, जीविकोपार्जन तथा उत्पादनका साधनहरु, भौतिक एवं सामाजिक पूर्वाधार, सांस्कृतिक एवं वातावरणीय सम्पदामा हुने क्षतिको उल्लेख्य रुपमा कम गर्नु रहेका छन् भने अन्य ६ वटा अन्य उद्देश्य समावेश छन्। यस नीतिमा ७ वटा अवधारणा, ५९ वटा नीति तथा ७ वटा कार्यान्वयनका उपायहरु उल्लेख गरिएको छ।

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय सिन्धुली

स्किम श्रेष्ठ
प्रमुख जिल्ला अधिकारी

(२) वन नीति, २०७६

वन, वनस्पति, वन्यजन्तु तथा जैविक विविधताको संरक्षण र दिगो उपयोग गर्ने वन क्षेत्रको उत्पादकत्व बढाउने र वातावरणीय सेवामा अभिवृद्धि गर्ने वन क्षेत्रको बहुआयामिक उपयोग गर्ने कार्बन उत्सर्जन न्यूनीकरण गर्ने उद्देश्यहरु यस नीतिले लिएको छ। साथै यस नितिले पहिले नै तयार भएको वन डढेलो व्यवस्थान रणनिति २०६७ को पुर्ण रूपमा कार्यान्वयन गर्ने, बहुसरोकारवाला निकायहरूको सहभागिता सुनिश्चित गरी वन डढेलो नियन्त्रण गर्ने, वन पैदावारको बेचबिखनबाट प्राप्त हुने निश्चित रकम वन डढेलो व्यवस्थापनमा लगाउने, वन डढेलो नियन्त्रणमा हाल विद्यमान रहेका नयाँ प्रविधिहरूको प्रयोग गर्ने जाने, वन डढेलो नियन्त्रकहरूको पेशगत सुरक्षा, विमा तथा अन्य फाईदाहरू उपलब्ध गराई वन डढेलोको कार्यमा अभिप्रेरित गर्ने र कुनै पनि विपद्बाट वन क्षेत्रमा क्षति हुन गएमा सो क्षेत्रको पुर्नस्थापना गर्ने कार्यमा यस नीतिले जोड दिएको छ।.

(३) विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति २०६६

यस नीतिले राज्यका हरेका तह र तप्कामा रहेका सवै नागरिकहरुलाई हुन सक्ने विपद्बाट जोगाउन र प्रकोपलाई न्यूनीकरण गर्न विपद् वा जोखिम हुन सक्ने संभाव्य स्थानहरुको पहिचान, विष्लेषण गर्ने, ती स्थानहरुमा के कार्यक्रम गर्ने, कहिले गर्ने, कसरी गर्ने भन्ने कुराहरु बारेमा नागरिकमा ज्ञान, क्षमता अभिबृद्धि गर्दै अवसरको पहिचान गरी आत्मविश्वास बढाउने जस्ता क्रियाकलाप गर्ने उल्लेख गरिएको छ। यसले जोखिमपूर्ण अवस्थामा रहेका सवै नागरिकको पूर्व पहिचान गरी तद्अनुरुप उद्दार, राहत तथा पुनस्थापनामा लक्षित कार्यक्रम संचालन गरिने व्यवस्था रहेको छ। यस रणनीतिले प्रतिरक्षत्मक तयारी लागेमा निभाउने वा प्रतिरोध, तत्काल प्रतिक्रिया र राहत, उद्दार र पुनस्थापनाका कार्यक्रममा विशेष ध्यान दिने उल्लेख छ। वन डढेलो नेपालका ज्यान लिने प्रकोपहरु मध्ये ५ औं स्थानमा रहेकोले यसको अवस्था आगामी दिनमा बढ्न सक्ने भएको हुँदा विशेष ध्यान दिनु पर्ने भएको छ। विपद् व्यवस्थापन राष्ट्रिय रणनीति २०६६ लाई फिल्ड स्तरमा कार्यान्यन गर्न सजिलो होस् र विपद्मा पर्न सक्ने परेका बखतमा समयमै सहयोग र राहत पुऱ्याउन विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन २०६७ गृह मन्त्रालयबाट तयार गरी लागु भएको छ ।

(४) वन डढेलो व्यवस्थापन रणनीति २०६७

वन तथा वातावरण मन्त्रालयले वन डढेलो व्यवस्थापन रणनीति २०६७ तयार गरी लागू गरेको छ। यो नीतिले वन डढेलोको बुद्धिमत्तापूर्ण प्रयोग गरी वनको उत्पादकत्व बढाउनुका साथै जिउ धन, सम्पति, जैविक विविधता र पारिस्थितिकिय प्रणालीको क्षति न्यूनीकरण गर्ने लक्ष्य लिएको छ। यस रणनीतिले नीति तथा संस्थागत विकास/सुधार, शिक्षा, जनचेतना क्षमता अभिबृद्धि/प्रविधि विकास, सहभागितामूलक वन डढेलो व्यवस्थापन र अनुसन्धान, समन्वय, सहकार्य र पूर्वाधार विकास गरी ४ खम्बे नीति अवलम्बन गरेको छ। यसले नीतिगत र संस्थागत विकास र सशक्तिकरण गर्ने, डढेलो रोकथाम र नियन्त्रणमा समुदाय, नागरिक समाज, सरकारी तथा गैह्रसरकारी संस्थालाई परिचालन गर्ने, वन डढेलोको सम्वन्धी सूचना र संचारको विकास गर्नेस वन डढेलोको

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय सिन्धुली

स्किम श्रेष्ठ
प्रमुख जिल्ला अधिकारी

बुद्धिमत्तापूर्ण प्रयोग गरी पारिस्थितीकीय प्रणाली सुधार गर्ने र नीति कार्यान्वियन गर्न आवश्यक पर्ने आर्थिक तथा भौतिक सहयोग जुटाउन सहज वातावरण बनाउने उद्देश्यहरु रहेका छन्। यसको कार्यन्वयन हुन सकेमा वन डढेलोलाई रोकथाम र नियन्त्रण गर्न सहयोग पुग्नेछ।

**ग. ऐनहरुमा गरेको व्यवस्था**

**(१) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४**

यस ऐनले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्, कार्यकारी समिति, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण (यसपछि प्राधिकरण भनिने प्रदेश विपद् व्यवस्थापन परिषद् र कार्यकारी समिति, जिल्ला तथा स्थानीय तहमा विपद् व्यवस्थापन समितिहरूको संस्थागत व्यवस्था गरी तिनीहरूको काम, कर्तव्य र अधिकार समेत तोकेको छ। सबै तहमा आवश्यकता अनुसार विपद् व्यवस्थापन उपसमितिहरु गठन गर्ने व्यवस्था गरेको छ। यस ऐनले वन डढेलो र वन विनासलाई विपद्को सूचीमा समावेश गरेको छ। कसैले विपद्को घटना घट्न सक्ने गरी लापरबाही गरेमा वा त्यस्तो घटना घटाउन प्रत्यक्ष संलग्न भएमा त्यस्तो व्यक्तिलाई कसूरको मात्रा अनुसार पाँच लाख रुपैयासम्म जरिबाना वा दुई वर्षसम्म कैद वा दुवै सयाँय हुने व्यवस्था यस ऐनले गरेको छ। यस ऐनमा भएको व्यवस्थालाई कार्यान्वयनमा सरल गराउन विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली २०७६ समेत जारी रहेको छ।

**(२) स्थानीय सरकार सञ्चालन ऐन, २०७४**

यस ऐनको दफा ११ को उपदफा २ (न) ले गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार भित्र विपद् व्यवस्थापन सम्बन्धी सबै चरणका कार्यहरू समावेश गरेको छ। यस ऐनले राष्ट्रिय भवन संहिता तथा मापदण्ड बमोजिम भवन निर्माण अनुमति, अनुगमन र नियमन सम्बन्धी कार्यहरूका साथै सुरक्षित बस्ती विकास सम्बन्धी नीति, योजना, कार्यक्रम तर्जुमा, कार्यान्वियन, अनुगमन, नियमन र मूल्याङ्कन कार्यलाई समेत गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार भित्र समेटेको छ।

**(३) मुलूकी अपराध (संहिता) ऐन २०७४**

यस ऐनले कुनै पनि सम्पतिमा आगाजनी गर्ने गराउनेलाई जघन्य कसूर मानी कडा सजाँयको व्यवस्था गरेको छ। ऐनको दफा (७३) मा कानून बमोजिम आवश्यक वस्तु मानिने कुनै वस्तु वा सार्वजनिक सम्पत्तिमा हानि, नोक्सानी तोडफोड वा आगजनी गर्न वा गराउन कसैले हुँदैन भन्ने कुरा उल्लेख छ। त्यस्तो कसूर गर्ने व्यक्ति र उक्साउने वा आदेश दिने व्यक्ति समेतलाई आगाजनीबाट भएको हानी नोक्सान भएको क्षतिपूर्ति भराई गरी एक वर्ष कैद वा दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने व्यवस्था छ। त्यस्तै यस ऐनको दफा २८५ (क) मा नेपाल सरकारले संरक्षण गरेको वा कानून बमोजिम संरक्षित कुनै वन्यजन्तु वा वनस्पतिको प्रजातिको अस्तित्व नै विनास गर्ने उद्देश्यले राष्ट्रिय निकुन्ज वा आरक्ष वा संरक्षित क्षेत्रमा आगो लगाएमा जन्मकैदको साजाय र विगो बमोजिमको जरिवाना गर्ने व्यवस्था गरेको छ। त्यस्तै सोही दफाको (घ) मा कसैले

स्किम श्रेष्ठ
प्रमुख जिल्ला अधिकारी

सार्वजनिक कुनै सम्पतिमा आगो लगाई आपराधिक उपद्रव गरेकोमा दुई बर्ष देखि पाँच बर्षसम्म कैद र बीसहजार देखि पचार हजार रुपैयाँसम्म जरिबाना हुने व्यवस्था गरेको छ।

### (४) वन ऐन २०७६

वन, वनस्पति र वन्यजन्तुहरुको संरक्षण, संवर्धन र व्यवस्थापन गर्न बनेका यी ऐनहरुले वनमा आगजनी गर्ने, डढेलो लगाउने कार्यलाई कसूर मानेको छ। वन ऐन २०७६ को दफा ४९ (घ) राष्ट्रिय वनमा आगो लगाउने वा आगजनी हुन जाने कुनै कार्य गरेमा सोही ऐनको दफा ५० (४) बमोजिम आगजानीबाट वनमा भएको सम्पूर्ण क्षतिको बिगो असुल गरी तीन वर्षसम्म कैद वा साठी हजार रुपैयासम्म जरिवाना वा दुवै सजाँय हुने व्यवस्था गरेको छ। साथै ऐनको दफा ७९ मा सुराक दिने वा अपराधी पक्रन सहयोग गर्ने संस्था वा व्यक्तिलाई जरिवानाको १० प्रतिशत पुरस्कार दिने समेतको व्यवस्था रहेको छ।

### (५) राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९

राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ को दफा ५(ङ) मा वन पैदावार सुक्ने कुनै कार्य गर्न वा वनमा आगो लगाउन वा अरु कुनै प्रकारले हानी नोक्सानी पुऱ्याउने कार्य गर्न निषेध गरेको छ। उक्त निषेध कार्य गरेमा गरेमा ऐनको दफा २६ (५ख) बमोजिम दश हजार भन्दा बढीको बिगो भए बिगोको दोब्बर जरिवाना वा एक बर्ष कैद वा दुवै सजाँय हुने व्यवस्था गरेको छ।

## ३.३ वन डढेलो कार्ययोजनाको दीर्घकालिन सोच, लक्ष्य तथा उद्धेश्य:

**दीर्घकालीन सोचः**

डढेलोको प्रभावकारी व्यवस्थापनद्धारा वनस्रोतको जगेर्ना, स्थानीय समुदाय एवम् सरोकारवालाहरुमा सुरक्षाको अनुभूति, समग्र वातावरणीय संरक्षण र स्थानीय जीविकोपार्जनमा सकारात्मक टेवा पुर्याउने

**लक्ष्य:**

यस रणनीतिको लक्ष्य डढेलोबाट हुने जन, धन, वन, जैविक विविधता तथा पारिस्थितिकीय प्रणालीको क्षतिलाई न्यूनीकरण गर्दै यसको उचित व्यवस्थापनबाट वनको उत्पादकत्वमा टेवा पुऱ्याउनु रहेको छ ।

**कार्ययोजनाको उद्देश्य**

वन डढेलो ब्यवस्थापन कार्ययोजना, २०८२ को प्रमुख उद्देश्य सरोकारवाला सबै पक्षसँगको समन्वय, सहकार्य र सहभागितामा वन डढेलोको जोखिम न्यूनीकरण गर्दै वन डढेलोबाट हुन सक्ने सम्भावित क्षति तथा जनजीवनमा पर्ने असर कम गर्नु रहेको छ। अन्य उद्देश्यहरू देहाय बमोजिम रहेका छन्:-

- वन डढेलो पूर्वानुमान, निगरानी तथा चेतावनीलाई प्रभावकारी बनाउनु
- पूर्वतयारी र वन व्यवस्थापनका उपायहरू अवलम्बन गरी वन डढेलोको जोखिम कम गर्नु
- संघ, प्रदेश तथा स्थानीय तहका जिम्मेवार निकाय तथा सरोकारवालाहरूका बीचमा समन्वय गरी डढेलो नियन्त्रणका प्रयासहरूलाई थप प्रभावकारी र परिणाममुखी बनाउनु

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय सिन्धुली

स्किमत श्रेष्ठ
प्रमुख जिल्ला अधिकारी

- वन डढेलो नियन्त्रण गरी जनधन तथा पर्यावरणीय स्रोतको हानिनोक्सानी न्यूनीकरण गर्नु
- वन, वन्यजन्तु तथा जैविक विविधताको वन डढेलोबाट हुन सक्ने हानी तथा नोक्सानीलाई समयमै नियन्त्रण गरी यिनीहरुको संरक्षण गर्नु
- जनचेतना अभिवृद्धि गर्ने
- सबै सरोकारवाला निकायहरूको भुमिका पहिचान गरि समन्वय तथा सहकार्य गर्ने

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिन्धुली

स्किम श्रेष्ठ
प्रमुख जिल्ला अधिकारी

# भाग ४: वन डढेलोको प्रभाव

हरेक वर्ष गर्मीयाम सँगै शुरु हुने वन डढेलो जिल्लाको वन क्षेत्र संरक्षणको लागि प्रमुख चुनौतिको रुपमा रहदैं आएको छ। वन डढेलोको प्रमुख कारक मानवीय क्रियाकलाप नै हो। नयाँ घाँसका पालुवा पलाउने आसमा, सिकारीले वन्यजन्तु मार्नको लागि लगाउने डढेलो, केटाकेटीले रमाइलोको लागि गर्ने आगलागी सम्बन्धी क्रियाकलापहरु, घर छेउ बारिमा लगाइएको आगो सल्किएर, चुरोट बिडीका ठुटा तथा लागु पदार्थ प्रयोग कर्ताहरुले छाडेको आगो सल्किएर गोठालाहरुले लगाउने आगो जस्ता क्रियाकलापहरु आगलागीका लागि जिम्मेबार छन्। यहाँको आगलागीको लागि जिम्मेबार यहाँकै नागरिक हुन्।

वन डढेलो वाट जनधनको प्रत्यक्ष हानिनोक्सानीको अलावा वन डढेलोको कारणले वायु प्रदुषण भएर जनस्वास्थ्यमा समेत असर पर्छ। त्यसैगरी पानीका मुहान सुक्ने, सुख्खा तथा गर्मी थप बढ्ने हुनाले खानेपानी, सिँचाइ आदि दैनिक अत्यावश्यक स्रोतसाधनको ह्रास हुन्छ। जैविक विविधता तथा पारिस्थितिकीय प्रणालीमा ह्रास हुन्छ। अन्ततः दीर्घकालीन रूपमा जनजीवन र अर्थव्यवस्थामा गम्भीर प्रभाव पर्छ।

वृद्धवृद्धा, बालबालिका, सुत्केरी, गर्भवती, अपाङ्गता भएका व्यक्ति, दीर्घरोगीहरूलाई वायु प्रदुषण र प्रतिकूल वातावरणबाट छिट्टै र धेरै असर गर्छ। वन डढेलो फैलिएर बस्ती, खेतबारी तथा उद्योग कलकारखानामा आगलागी हुन सक्छ र व्यापक जनधनको क्षति हुन सक्छ। वन डढेलोको जोखिम न्यूनीकरण गर्न, आगलागी भइहालेमा पनि फैलिन नदिई थप जनधनको क्षति हुन नदिन र जनजीवनमा पर्ने प्रतिकूल प्रभाव कम गर्न आवश्यक पूर्वतयारीका लागि यो कार्ययोजना तयार गरिएको हो।

संघ, प्रदेश र स्थानीय तहका सम्बन्धित सरकारी निकाय तथा गैरसरकारी तथा निजी क्षेत्रका संघसंस्थाले पूर्वतयारी गर्दा वन डढेलोको असर कम गर्नको लागि आवश्यक पर्ने सामग्रीहरूको समेत पूर्वतयारी र अग्रीम व्यवस्था गर्नुपर्नेछ। यस कार्ययोजनालाई आधार मानेर वन डढेलोबाट प्रभावित हुने सबै प्रदेश, जिल्ला र स्थानीय तहबाट स्थानीय परिवेश अनुसारको योजना बनाई कार्यान्वयन गर्न यो कार्ययोजना सहयोगी हुने अपेक्षा गरिएको छ। यो कार्ययोजनालाई मार्गदर्शनका रूपमा लिएर प्रदेश, जिल्ला र स्थानीय तहमा वन डढेलो नियन्त्रण पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना बनाई लागू गर्नुपर्नेछ।

## ४.१ वन डढेलोका सम्भावित प्रभावका क्षेत्रहरू

### क) जनस्वास्थ्य

- वन डढेलोमा परी मानिसको मृत्यु तथा घाइते हुन सक्ने
- वन डढेलोबाट सिर्जित वायुप्रदूषणको कारणले गर्दा जनस्वास्थ्यमा गम्भीर असर पर्न सक्ने
- वायुप्रदूषणका कारण श्वास फेर्न गाह्रो हुने, आँखा पोल्ने र हिंडडुल गर्न कठिन हुने अवस्था आइपर्न सक्ने
- बालबालिका, वृद्धवृद्धा, अपाङ्गता भएका व्यक्ति दीर्घ रोगको औषधी सेवन गरिरहेका व्यक्तिहरू र कमजोर स्वास्थ्य अवस्थाका व्यक्तिहरूमा थप जटिलता उत्पन्न सक्ने

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय सिन्धुली

स्किम श्रेष्ठ
प्रमुख जिल्ला अधिकारी

### ख) जैविक विविधता तथा पारिस्थितिक प्रणाली

- घरपालुवा वस्तुभाउ, वन्यजन्तुको क्षति हुन सक्ने
- वन जंगलमा रहेका सूक्ष्म जीव तथा वनस्पतिहरूदेखि ठूला स्तनधारी जन्तुहरूको ह्रास हुन सक्ने
- रुख विरुवा वनस्पतिको क्षति एवं पुनरुत्पादनमा ह्रास आउन सक्ने
- माटोमा हुने पोषण तत्वमा ह्रास आउनुका साथै अत्यधिक तापक्रमका कारण माटोको संरचना परिवर्तन भई पारिस्थितिक प्रणालीमा समेत असर पर्न सक्ने
- पानीका मुहान तथा भण्डारमा कमी आउन सक्ने
- बाढी, पहिरोजन्य विपद्मा वृद्धि हुन सक्ने
- तापक्रममा वृद्धिले हरितगृह प्रभाव तथा जलवायु परिवर्तनमा बढोत्तरी हुन सक्ने

### ग) आर्थिक असर

- घरसंरचना तथा सम्पत्तिको क्षति हुन सक्ने
- वायु प्रदूषणले गर्दा पर्यापर्यटनमा आधारित अर्थव्यवस्थामा नकारात्मक असर पर्न सक्ने
- कृषि बालीमा कमी आउन सक्ने

## ४.२ सिन्धुली जिल्लामा वन डढेलोको अवस्था

सिन्धुली जिल्ला विभिन्न प्रकारका प्रकृतिक प्रकोपवाट धेरै प्रभावित जिल्ला रहेको छ। साथै, धेरै वन जंगल भएको कारण यस जिल्ला वन डढेलोको अति संवेदनशिल जिल्ला हो। सिन्धुली जिल्लामा डढेलोका घटनाहरूले वनस्पति, जैविक विविधता, र स्थानीय समुदायको जीवनमा गम्भीर असर पुर्याउँछ। विभिन्न कारणहरू जस्तैः जलवायु परिवर्तन, मानवजन्य गतिविधिहरू, र असमान मौसमीय ढाँचा, डढेलोको आवृत्तिमा वृद्धि ल्याइरहेका छन्। यस प्रतिवेदनको उद्देश्य सिन्धुली जिल्लामा घटेका डडेलोका घटनाहरूको स्थान, प्रभाव र तीव्रता सम्बन्धी विस्तृत विश्लेषण प्रस्तुत गर्नु हो।

यस डिभिजनको पूर्वि क्षेत्र कमलामाई नगरपालिका देखी पश्चिम हरिहरपुरगढी गाउँपालिका सम्मको चुरिया क्षेत्र अति सुख्खा क्षेत्र भएकोले सुख्खा मौसममा वर्षेनि लाग्ने वन डढेलो यस जिल्लाको वन संरक्षणमा हुने प्रमुख चुनौतिमा पर्दछ। यस जिल्लाको दक्षिणी भागमा रहेको चूरे स्थित सालको वनमा चैत्र वैशाख महिना ज्यादै सुख्खा हुने र जंगलमा गोठाला, वन चोरी कटानी गर्ने व्यक्तिले जानी-जानी तथा अन्जानमा समेत आगो छोडने भएकोले जंगलमा आगलागी हुने गरेको छ।


विगतका आ.व. हरुमा यस जिल्लामा सा.व.को रुख कटान गरि काठ निकाल्ने क्रममा रुखको टुप्पा टुप्पी वन क्षेत्रमानै छोडिएको कारण सुख्खा मौसममा आगलागि हुँदा आगलागिको मात्रा वढन गई वनक्षेत्रमा अझ वढि आगलागिवाट जोखिम बढेको छ। सामुदायिक वन उपभोक्ता समुहहरुले सुख्खा मौसममा वन हेरालुको नियुक्ति, वन गोडमेल, पात पतिङ्गर संकलन गरि जैविक मल निर्माण गरि वन डढेलोमा केहि नियन्त्रणमा ल्याएको भएता पनि सरकारी वनमा वन डढेलो तथा आगलागिको प्रकोप वढि रहेको छ।

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय सिन्धुली

सिकम श्रेष्ठ
प्रमुख जिल्ला अधिकारी

जंगलमा रहेका विरुवा वनस्पतिका पात पतिगंर, झिझामिझा रुखहरुका तेलयुक्त हरिया पातहरु एवं दाउराहरु प्रज्वलनशील पदार्थको रुपमा काम गर्दछन् र सुख्खा याममा सापेक्षिक आद्रता कम भएको वेला सानो आगोको झिल्काको कारण वा चट्टयाङ्ग पर्दा वा वन जंगलमा हिड्ने व्यक्तिहरु द्वारा आगो छोडिंदा ठूलो आगलागी हुन जान्छ र ठुलो आर्थिक नोक्सानी हुन्छ। जसले वनको पुनरुत्पादनलाई निरुत्साहित गर्नुको साथै ठुलो रुखहरुमा पनि नोक्सान पुर्याएको छ। सामुदायिक वनमा केहि वनपथ तथा अग्नि रेखा निमार्ण गरि आगलागि नियन्त्रण गर्ने गरिएको प्रयासले केहि सकारात्मक प्रभाव देखिए पनि नियन्त्रित अवस्थामा देखिंदैन।

सामुदायिक वन उपभोक्ता समूह गठन तथा समूह परिचालन कार्यले सामुदायिक वनक्षेत्रमा वन डढेलोमा केहि नियन्त्रणमा आएको छ। वन डढेलो नियन्त्रण गर्न वन कार्यालयको सक्रियतामा स्थानीय सा.व.का उपभोक्ता स्थानिय प्रशासनको सहयोगमा केहि स्थानमा मात्र आगो निभाउने कार्य हुने गरेको छ। साधन श्रोत र जनशक्तिको कमिनै यसको प्रमुख चुनौति रहेको र यसलाई नियन्त्रण गर्न अग्निरेखा निर्माण तथा नियमित सुधार व्यवस्था र सुख्खा मौसममा श्रोत साधन सहितको मोवाइल टोली गठन गरि परिचालन गर्न सकिएमा नै यो समस्यालाई नियन्त्रण गर्न सकिने देखिन्छ।




चित्र ५: सिन्धुली जिल्लाको सिमाना तथा गाउंपालिका र नगरपालिकाको सिमाना

सिन्धुली जिल्लाको स्थानीय तह अनुसार वन डढेलोका घटनाहरुको रेकर्ड गरिएको छ। यसका लागि वन डढेलोका २५ वर्ष घटनाहरूको रेकर्ड Modis data वाट सङ्कलन गरिएको छ र डढेलोको प्रवाभित क्षेत्रहरूको मापन गर्न, GIS र Forest Nepal सफ्टवेयर प्रयोग गरेर डढेलोको नक्सा तयार गरिएको छ। स्थानीय तह अनुसार वन डढेलोको विवरणहरु यस प्रकार रहेका छन्:


१. दुधौली नगरपालिका

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय सिन्धुली

स्किम श्रेष्ठ
प्रमुख जिल्ला अधिकारी

दुधौली नगरपालिकामा जम्मा १४ वटा वडा रहेका छन्। दुधौली नगरपालिकाको २००१-२०२५ सम्मको तथ्याङ्कअनुसार वन आगलागी विश्लेषण यस प्रकार छ: उच्च जोखिम वर्षहरू: २०१३, २०१४, २०१६; मध्यम जोखिम वर्षहरू: २००४, २००९, २०१०, २०१९, २०२२, २०२५ र न्यून जोखिम वर्षहरू: २००१, २००८, २०२१। सन् २०१३ मा वडा नं. ८ (९०६.७ हे.), वडा नं. १० (७५०.९ हे.), वडा नं. १४ (३८७.१ हे.) मा बढी आगलागी देखिन्छ। सन् २०१४ मा वडा नं. ११ (३६०.९ हे.), वडा नं. ६ (३५९.४ हे.), वडा नं. ७ (७३.८ हे.) मा बढी आगलागी देखिन्छ। सन् २०१६ मा वडा नं. २ (८६८.१ हे.) मा बढी आगलागी देखिन्छ। वडागत रूपमा विश्लेषण गर्दा: उच्च जोखिम वडा नं.: २, ६, ८, १०; मध्यम जोखिम वडा नं.: ३, ५, ७, ९, ११, १४; र न्यून जोखिम वडा नं.: १, ४, १२, १३। वडा नं. १२ मा यो अवधिभर कुनै वन आगोको घटना नभएको देखिन्छ। सन् २००२, २००३, २००५, २००६, २००७, २०११, २०१२, २०१५, २०१७, २०१८, २०२०, २०२३ र २०२४ मा यो अवधिभर कुनै वन आगोको घटना नभएको देखिन्छ।

25 years fire coverage in Dudhouli





Source: Modis fire data (burned area products). Burned areas are characterized by deposits of charcoal and ash, removal of vegetation, and alteration of the vegetation structure (Pereira et al.,1997, Roy et al., 1999).

नक्सा १. दुधौली नगरपालिकामा विगत २५ वर्षको आगलागीको अवस्था

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिन्धुली

स्किम श्रेष्ठ
प्रमुख जिल्ला अधिकारी




चित्र ६ : दुधौली नगरपालिका वनमा आगलागीले प्रभावित क्षेत्र (हेक्टरमा)


## २. गोलन्जोर गाउँपालिका

गोलन्जोर गाउँपालिकामा जम्मा ७ वटा वडा रहेका छन्। गोलन्जोर गाउँपालिकाको २००१–२०२५ सम्मको तथ्याङ्कअनुसार वन आगलागी विश्लेषण यस प्रकार छ: उच्च जोखिम वर्षहरू: २०१६, २०२१, २०२४; मध्यम जोखिम वर्षहरू: २००९, २०१३, २०२३ र न्यून जोखिम वर्षहरू: २०१८, २०१९, २०२५। सन् २०१६ मा वडा नं. ३ (९३४.६ हे.), वडा नं. १ (४६३.२ हे.), वडा नं. २ (१०५.६ हे.) मा बढी आगलागी देखिन्छ। सन् २०२१ मा वडा नं. ६ (४६५.८ हे.), वडा नं. १ (१०६.१ हे.), वडा नं. २ (२१.० हे.) मा बढी आगलागी देखिन्छ। सन् २०२४ मा वडा नं. २ (५६७.२ हे.), वडा नं. ७ (१५२.४ हे.), वडा नं. ४ (९८.९ हे.) मा बढी आगलागी देखिन्छ। वडागत रूपमा विश्लेषण गर्दा: उच्च जोखिम वडा नं.: २, ३; मध्यम जोखिम वडा नं.: १, ६, ७; र न्यून जोखिम वडा नं.: ४, ५। वडा नं. ५ मा यो अवधिभर कुनै वन आगोको घटना नभएको देखिन्छ। सन् २००१, २००२, २००३, २००४, २००५, २००६, २००७, २००८, २०१०, २०११, २०१२, २०१४, २०१५, २०१७, २०२० र २०२२ मा यो अवधिभर कुनै वन आगोको घटना नभएको देखिन्छ।

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय सिन्धुली

स्किम श्रेष्ठ
प्रमुख जिल्ला अधिकारी

25 years fire coverage in Golanjor





Source: Modis fire data (burned area products). Burned areas are characterized by deposits of charcoal and ash, removal of vegetation, and alteration of the vegetation structure (Pereira et al.,1997, Roy et al., 1999).

नक्सा २. गोलन्जोर गाउँपालिकामा विगत २५ वर्षको आगलागीको अवस्था

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय सिन्धुली

स्किम श्रेष्ठ
प्रमुख जिल्ला अधिकारी




चित्र ७. गोलन्जोर गाउँपालिका वनमा आगलागीले प्रभावित क्षेत्र (हेक्टरमा)।


## ३. कमलमाई नगरपालिका

कमलमाई नगरपालिकामा जम्मा १४ वटा वडा रहेका छन्। कमलमाई नगरपालिकाको २००१–२०२५ सम्मको तथ्याङ्कअनुसार वन आगलागी विश्लेषण यस प्रकार छ: उच्च जोखिम वर्षहरू: २०१३, २०१८, २०१९, २०२५; मध्यम जोखिम वर्षहरू: २००४, २००८, २०१०, २०१४, २०१६, २०२१, २०२४ र न्यून जोखिम वर्षहरू: २००६, २०१२, २०२०, २०२३। सन् २०१३ मा वडा नं. १४ (१५९४.२ हे.), वडा नं. ९ (१५४७.५ हे.), वडा नं. ८ (१३५४.७ हे.) मा बढी आगलागी देखिन्छ। सन् २०१८ मा वडा नं. ८ (८७४.६ हे.), वडा नं. १४ (३११.२ हे.), वडा नं. १ (२६७.३ हे.) मा बढी आगलागी देखिन्छ। सन् २०१९ मा वडा नं. ९ (१०८२.५ हे.), वडा नं. १४ (१०३२.३ हे.), वडा नं. १३ (३८९.६ हे.) मा बढी आगलागी देखिन्छ। सन् २०२५ मा वडा नं. १४ (१२७८.१ हे.), वडा नं. १३ (२९५.८ हे.) मा बढी आगलागी देखिन्छ। वडागत रूपमा विश्लेषण गर्दा: उच्च जोखिम वडा नं.: ८, ९, १३, १४; मध्यम जोखिम वडा नं.: १, ३, १०; र न्यून जोखिम वडा नं.: २, ४, ५, ६, ७, ११, १२। वडा नं. २, ४, ५, ६, ७, ११ र १२ मा यो अवधिभर कुनै वन आगोको घटना नभएको देखिन्छ। सन् २००१, २००२, २००३, २००५, २००७, २००९, २०११, २०१५, २०१७ र २०२२ मा यो अवधिभर कुनै वन आगोको घटना नभएको देखिन्छ।

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय सिन्धुली

स्किम श्रेष्ठ
प्रमुख जिल्ला अधिकारी

25 years fire coverage in Kamalamai





| Year | Fire (ha) |
|---|---|
| 2000 | 0.0 |
| 2001 | 0.0 |
| 2002 | 0.0 |
| 2003 | 0.0 |
| 2004 | 607.421 |
| 2005 | 0.0 |
| 2006 | 137.323 |
| 2007 | 0.0 |
| 2008 | 206.431 |
| 2009 | 0.0 |
| 2010 | 549.037 |
| 2011 | 0.0 |
| 2012 | 64.08 |
| 2013 | 5085.109 |
| 2014 | 336.57 |
| 2015 | 0.0 |
| 2016 | 1204.316 |
| 2017 | 0.0 |
| 2018 | 1467.342 |
| 2019 | 2732.125 |
| 2020 | 211.487 |
| 2021 | 775.496 |
| 2022 | 0.0 |
| 2023 | 187.265 |
| 2024 | 754.382 |
| 2025 | 1573.875 |

Source: Modis fire data (burned area products). Burned areas are characterized by deposits of charcoal and ash, removal of vegetation, and alteration of the vegetation structure (Pereira et al.,1997, Roy et al., 1999).

नक्सा ३. कमलमाई नगरपालिकामा विगत २५ वर्षको आगलागीको अवस्था

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय सिन्धुली

स्किम श्रेष्ठ
प्रमुख जिल्ला अधिकारी




चित्र ८. कमलमाई नगरपालिका वनमा आगलागीले प्रभावित क्षेत्र (हेक्टरमा)।


४. फिक्कल गाउँपालिका

फिक्कल गाउँपालिकामा जम्मा ६ वटा वडा रहेका छन्। फिक्कल गाउँपालिकाको २००१–२०२५ सम्मको तथ्याङ्कअनुसार वन आगलागी विश्लेषण यस प्रकार छ: उच्च जोखिम वर्षहरू: २०१६, २०२३; मध्यम जोखिम वर्षहरू: २००९, २०१४ र न्यून जोखिम वर्षहरू: २०१३, २०२४। सन् २०१६ मा वडा नं. ३ (२७७.३ हे.), वडा नं. २ (९५.० हे.), वडा नं. ४ (९.१ हे.) मा बढी आगलागी देखिन्छ। सन् २०२३ मा वडा नं. ६ (२६३.५ हे.), वडा नं. ५ (१५.३ हे.), वडा नं. ४ (३.१ हे.) मा बढी आगलागी देखिन्छ। वडागत रूपमा विश्लेषण गर्दा: उच्च जोखिम वडा नं.: ३, ६; मध्यम जोखिम वडा नं.: १, २; र न्यून जोखिम वडा नं.: ४, ५। सन् २००१, २००२, २००३, २००४, २००५, २००६, २००७, २००८, २०१०, २०११, २०१२, २०१५, २०१७, २०१८, २०१९, २०२०, २०२१, २०२२ र २०२५ मा यो अवधिभर कुनै वन आगोको घटना नभएको देखिन्छ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिन्धुली

स्किम श्रेष्ठ
प्रमुख जिल्ला अधिकारी

25 years fire coverage in Phikkal





Source: Modis fire data (burned area products). Burned areas are characterized by deposits of charcoal and ash, removal of vegetation, and alteration of the vegetation structure (Pereira et al.,1997, Roy et al., 1999).

नक्सा ११. यो चित्रले फिक्कल गाउँपालिकामा विगत २५ वर्षको आगलागीको इतिहास देखाउँछ ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिन्धुली

स्किम श्रेष्ठ
प्रमुख जिल्ला अधिकारी




चित्र ९. फिक्कल गाउँपालिका वनमा आगलागीले प्रभावित क्षेत्र (हेक्टरमा)।


## ५. तिनपाटन गाउँपालिका

तिनपाटन गाउँपालिकामा जम्मा ११ वटा वडा रहेका छन्। तिनपाटन गाउँपालिकाको २००१–२०२५ सम्मको तथ्याङ्कअनुसार वन आगलागी विश्लेषण यस प्रकार छ: उच्च जोखिम वर्षहरू: २०१०, २०१६; मध्यम जोखिम वर्षहरू: २०१३ र न्यून जोखिम वर्षहरू: २००९, २०२५। सन् २०१० मा वडा नं. १ (८३.७ हे.) मा बढी आगलागी देखिन्छ। सन् २०१६ मा वडा नं. १ (१५९.८ हे.), वडा नं. ७ (१३०.० हे.) मा बढी आगलागी देखिन्छ। वडागत रूपमा विश्लेषण गर्दा: उच्च जोखिम वडा नं.: १, २, ३, ४, ५, ६, ७, ८, ९, १०, ११; न्यून जोखिम वडा नं.: २, ३, ४, ५, ६, ८, ९, १०, ११। वडा नं. २, ३, ४, ५, ६, ८, ९, १० र ११ मा यो अवधिभर कुनै वन आगोको घटना नभएको देखिन्छ। सन् २००१, २००२, २००३, २००४, २००५, २००६, २००७, २००८, २०११, २०१२, २०१४, २०१५, २०१७, २०१८, २०१९, २०२०, २०२१, २०२२, २०२३ र २०२४ मा यो अवधिभर कुनै वन आगोको घटना नभएको देखिन्छ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिन्धुली

स्किम श्रेष्ठ
प्रमुख जिल्ला अधिकारी

25 years fire coverage in Tinpatan





Source: Modis fire data (burned area products). Burned areas are characterized by deposits of charcoal and ash, removal of vegetation, and alteration of the vegetation structure (Pereira et al.,1997, Roy et al., 1999).

५.

नक्सा ५. तिनपाटन गाउँपालिकामा विगत २५ वर्षको आगलागीको अवस्था

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय सिन्धुली

स्किम श्रेष्ठ
प्रमुख जिल्ला अधिकारी




चित्र १०. तिनपाटन गाउँपालिका वनमा आगलागीले प्रभावित क्षेत्र (हेक्टरमा)।


## ६. घाङ्लेख गाउँपालिका

घाङ्लेख गाउँपालिकामा जम्मा ५ वटा वडा रहेका छन्। घाङ्लेख गाउँपालिकाको २००१–२०२५ सम्मको
तथ्याङ्कअनुसार वन आगलागी विश्लेषण यस प्रकार छः उच्च जोखिम वर्षहरूः २०२१; न्यून जोखिम वर्षहरूः
२०२१। सन् २०२१ मा वडा नं. ५ (६३.५ हे.) मा बढी आगलागी देखिन्छ। वडागत रूपमा विश्लेषण गर्दाः
उच्च जोखिम वडा नं.: १, २, ३, ४, ५; न्यून जोखिम वडा नं.: १, २, ३, ४। वडा नं. १, २, ३ र ४ मा यो
अवधिभर कुनै वन आगोको घटना नभएको देखिन्छ। सन् २००१, २००२, २००३, २००४, २००५,
२००६, २००७, २००८, २००९, २०१०, २०११, २०१२, २०१३, २०१४, २०१५, २०१६,
२०१७, २०१८, २०१९, २०२०, २०२२, २०२३, २०२४ र २०२५ मा यो अवधिभर कुनै वन आगोको
घटना नभएको देखिन्छ।

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय सिन्धुली

स्किम श्रेष्ठ
प्रमुख जिल्ला अधिकारी

25 years fire coverage in Ghanglekh





Source: Modis fire data (burned area products). Burned areas are characterized by deposits of charcoal and ash, removal of vegetation, and alteration of the vegetation structure (Pereira et al.,1997, Roy et al., 1999).

नक्सा ६. घाङ्गलेख गाउँपालिकामा विगत २५ वर्षको आगलागीको अवस्था

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिन्धुली

स्किम श्रेष्ठ
प्रमुख जिल्ला अधिकारी




चित्र ४.

चित्र ११ घाङ्लेख गाउँपालिका वनमा आगलागीले प्रभावित क्षेत्र (हेक्टरमा)।


७. हरीहरपुरगढी गाउँपालिका

हरीहरपुरगढी गाउँपालिकामा जम्मा ८ वटा वडा रहेका छन्। हरीहरपुरगढी गाउँपालिकाको २००१–२०२५ सम्मको तथ्याङ्कअनुसार वन आगलागी विश्लेषण यस प्रकार छ: उच्च जोखिम वर्षहरू: २०१३, २०१६; मध्यम जोखिम वर्षहरू: २००४, २०१०, २०२३ र न्यून जोखिम वर्षहरू: २००१, २०२४। सन् २०१३ मा वडा नं. १ (११२३.७ हे.), वडा नं. ६ (९३२.९ हे.), वडा नं. ३ (८०२.४ हे.) मा बढी आगलागी देखिन्छ। सन् २०१६ मा वडा नं. ७ (११८६.१ हे.), वडा नं. १ (१११८.७ हे.), वडा नं. ८ (१०५२.४ हे.) मा बढी आगलागी देखिन्छ। वडागत रूपमा विश्लेषण गर्दा: उच्च जोखिम वडा नं.: १, ७; मध्यम जोखिम वडा नं.: ३, ५, ६, ८; र न्यून जोखिम वडा नं.: २, ४। सन् २००२, २००३, २००५, २००६, २००७, २००८, २००९, २०११, २०१२, २०१४, २०१५, २०१७, २०१८, २०१९, २०२०, २०२१, २०२२ र २०२५ मा यो अवधिभर कुनै वन आगोको घटना नभएको देखिन्छ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिन्धुली

स्किम श्रेष्ठ
जिल्ला अधिकारी

25 years fire coverage in Hariharpurgadhi





Source: Modis fire data (burned area products). Burned areas are characterized by deposits of charcoal and ash, removal of vegetation, and alteration of the vegetation structure (Pereira et al.,1997, Roy et al., 1999).

नक्सा ७. हरीहरपुरगढी गाउँपालिकामा विगत २५ वर्षको आगलागीको अवस्था

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिन्धुली

स्किम श्रेष्ठ
प्रमुख जिल्ला अधिकारी





चित्र १२. हरीहरपुरगढी गाउँपालिका वनमा आगलागीले प्रभावित क्षेत्र (हेक्टरमा) ।

८. मरिण गाउँपालिका

मारिन गाउँपालिकामा जम्मा ७ वटा वडा रहेका छन्। मारिन गाउँपालिकाको २००१–२०२५ सम्मको तथ्याङ्कअनुसार वन आगलागी विश्लेषण यस प्रकार छ: उच्च जोखिम वर्षहरू: २०१३, २०१६; मध्यम जोखिम वर्षहरू: २०१९ र न्यून जोखिम वर्षहरू: २०१०, २०२५। सन् २०१३ मा वडा नं. ३ (१६०२.५ हे.), वडा नं. ४ (७४१.६ हे.), वडा नं. ५ (६२४.८ हे.) मा बढी आगलागी देखिन्छ। सन् २०१६ मा वडा नं. ३ (२९२९.९ हे.), वडा नं. ४ (८६१.२ हे.), वडा नं. २ (४३६.६ हे.) मा बढी आगलागी देखिन्छ। वडागत रूपमा विश्लेषण गर्दा: उच्च जोखिम वडा नं.: ३, ४; मध्यम जोखिम वडा नं.: १, २, ५; र न्यून जोखिम वडा नं.: ६, ७। सन् २००१, २००२, २००३, २००४, २००५, २००६, २००७, २००८, २००९, २०११, २०१२, २०१४, २०१५, २०१७, २०१८, २०२०, २०२१, २०२२, २०२३ र २०२४ मा यो अवधिभर कुनै वन आगोको घटना नभएको देखिन्छ।

स्किम श्रेष्ठ
प्रमुख जिल्ला अधिकारी

25 years fire coverage in Marin





Source: Modis fire data (burned area products). Burned areas are characterized by deposits of charcoal and ash, removal of vegetation, and alteration of the vegetation structure (Pereira et al.,1997, Roy et al., 1999).

नक्सा ८. मारिन गाउँपालिकामा विगत २५ वर्षको आगलागीको अवस्था

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिन्धुली

स्किम श्रेष्ठ
प्रमुख जिल्ला अधिकारी





चित्र १३. मरिण गाउँपालिका वनमा आगलागीले प्रभावित क्षेत्र (हेक्टरमा)।

## ९. सुनकोशी गाउँपालिका

सुनकोशी गाउँपालिकामा जम्मा ७ वटा वडा रहेका छन्। सुनकोशी गाउँपालिकाको २००१–२०२५ सम्मको तथ्याङ्कअनुसार वन आगलागी विश्लेषण यस प्रकार छ: उच्च जोखिम वर्षहरू: २०१६, २०२४; मध्यम जोखिम वर्षहरू: २०१३, २०१४, २०२१ र न्यून जोखिम वर्षहरू: २०१९, २०२३। सन् २०१६ मा वडा नं. २ (३२५.१ हे.), वडा नं. ४ (११९.१ हे.), वडा नं. १ (२१.२ हे.) मा बढी आगलागी देखिन्छ। सन् २०२४ मा वडा नं. ६ (४७९.१ हे.), वडा नं. २ (३५५.७ हे.), वडा नं. ७ (२३७.० हे.) मा बढी आगलागी देखिन्छ। वडागत रूपमा विश्लेषण गर्दा: उच्च जोखिम वडा नं.: २, ७; मध्यम जोखिम वडा नं.: १, ४, ६; र न्यून जोखिम वडा नं.: ३, ५। वडा नं. ३ मा यो अवधिभर कुनै वन आगोको घटना नभएको देखिन्छ। सन् २००१, २००२, २००३, २००४, २००५, २००६, २००७, २००८, २००९, २०१०, २०११, २०१२, २०१५, २०१७, २०१८, २०२०, २०२२ र २०२५ मा यो अवधिभर कुनै वन आगोको घटना नभएको देखिन्छ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिन्धुली

स्किम श्रेष्ठ
प्रमुख जिल्ला अधिकारी





Source: Modis fire data (burned area products). Burned areas are characterized by deposits of charcoal and ash, removal of vegetation, and alteration of the vegetation structure (Pereira et al.,1997, Roy et al., 1999).

नक्सा ९. सुनकोशी गाउँपालिकामा विगत २५ वर्षको आगलागीको अवस्था

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिन्धुली

स्किम श्रेष्ठ
प्रमुख जिल्ला अधिकारी




चित्र १४. सुनकोशी गाउँपालिका वनमा आगलागीले प्रभावित क्षेत्र (हेक्टरमा) ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिन्धुली

स्किम श्रेष्ठ
प्रमुख जिल्ला अधिकारी

# भाग ५: वन डढेलो नियन्त्रण

## ५.१ वन डढेलो नियन्त्रण रणनीतिहरु:

रणनीतिहरू

- वन डढेलोको जोखिम न्यूनीकरण तथा अग्नि नियन्त्रणका लागि सरोकारवाला निकायहरू बीच प्रभावकारी समन्वय र सहकार्य
- वन डढेलोको निगरानी, पहिचान तथा थप फैलिन सक्ने जोखिमको विश्लेषण
- मानवीय कारणवाट हुने आगलागी कम गर्न जनचेतना अभिवृद्धि र नियमन
- सरोकारवाला निकायहरूबीच प्रभावकारी समन्वय, सहकार्य, संचार कायम गर्दै सचेतनामूलक अभियान, तालिम र कृत्रिम अभ्यास मार्फत पूर्वतयारी तथा डढेलो नियन्त्रण कार्यलाई सुदृढ तुल्याउने
- वन डढेलो प्रभावितका लागि आवश्यक राहत सहायता तथा बीमा लगायतका कार्यको सहजिकरणमा सहयोग गर्ने
- अनुगमन र तथ्याङ्क व्यवस्थापन सम्बन्धी कार्यलाई प्रभावकारी बनाई पृष्ठपोषण र अध्ययन तथा अनुसन्धानको आधार तयार गर्ने

विगत देखि नै वन डढेलो नियन्त्रण तथा रोकथामका कार्यहरु तथा डढेलोले पुन्याएको वन क्षेत्रको पुनरुत्थानात्मक कार्यहरुलाई नेपाल सरकारले महत्व दिदै आइरहेको छ। वन डढेलो नियन्त्रण, रोकथाम तथा पुनरुत्थानका लागि हरेक वर्ष नेपाल सरकारबाट बजेट विनियोजन भई सोहि अनुसारको कार्यहरु जिल्ला तथा फिल्ड स्तरमा संचालन हुदै आइरहेको छ। वास्तवमा नेपालमा वन डढेलो नियन्त्रण तथा रोकथामका उपायहरु अहिले पनि परम्परागत हिसावको नै रहेको छ। विकसित देशहरुमा आधुनिक प्रविधिको प्रयोग गरि वन डढेलो रोकथामका कार्यहरु गरिने भएता पनि हाम्रो जस्तो आर्थिक हिसाबले कमजोर मुलुकले यस्ता प्रविधिको लागि दातृ निकायकै सहयोगमा भर पर्नु पर्ने अवस्था रहेको छ। वर्तमान समयमा डढेलो नियन्त्रणका मुख्यतया तीनवटा उपायहरु अवलम्बन गरिएको छः निरोधात्मक, नियन्त्रणात्मक र पुनरुत्थानात्मक उपायहरु अबलम्बन गरि राखिएको छ।

## ५.२ वन डढेलो नियन्त्रणका उपायहरुः

### क) निरोधात्मक उपायहरुः

- ✓ हरेक सव डिभिजन मार्फत वन डढेलो सम्बन्धी सचेतना कार्यक्रमहरु सञ्चालन गरिने छ।
- ✓ महिला समूह, आमा समूह, सहकारी तथा विद्यालयमा इको क्लवहरु मार्फत आगलागी सम्बन्धी सचेतना विस्तार गरिने छ।
- ✓ अग्नी नियन्त्रण रेखा निर्माण कार्यलाई हरेक सामुदायिक वनमा अभियानकै रुपमा लगिने छ।

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय सिन्धुली

स्किम श्रेष्ठ
प्रमुख जिल्ला अधिकारी

- ✓ कृषि सडक, ग्रामीण सडकलाई अग्नी नियन्त्रण रेखाको रुपमा उपयोग गर्ने गरी स्थानीय तहसँगको समन्वयमा तदनरुप सामुदायिक वन कार्य योजना निर्माण कार्यलाई अघि बढाइने छ।
- ✓ आगलागी हुने समय अगावैदेखि सञ्चार माध्यम मार्फत आगलागी सचेतना सम्बन्धी कार्यक्रमहरु सूचनाहरु घनीभूत रुपमा प्रशारण गरिने छ।
- ✓ सुरक्षाकर्मी, कर्मचारीहरुलाई आगलागी सचेतना सम्बन्धी कार्यक्रममा भरपुर प्रयोग गरिने छ।
- ✓ ठाउँ ठाउँमा वन डढेलो सम्बन्धी भित्त लेखन तथा पर्चा पम्पलेटहरु बनाई प्रचार प्रसार गरिने छ।
- ✓ वन डढेलो अपराध र दण्ड सजायका प्रावधानहरु बारे जनस्तरमा सुसूचित गरिने छ।
- ✓ अत्यावश्यक काम बाहेक वन प्रवेशलाई सकेसम्म निरुत्साहित गरिने छ।
- ✓ सडक किनारमा बसी लुकीछिपी लागु औषध सेवन विरुद्ध अभियान सञ्चालनको लागि नेपाल प्रहरीलाई अनुरोध गरिने छ।

**ख) प्रतिरोधात्मक उपायहरुः**


- ✓ डिभिजनस्तरमा सशस्त्र वन रक्षकको टोली रहने गरी २४ सै घण्टा वन डढेलो नियन्त्रणका लागि परिचालन गरिने छ।
- ✓ सामुदायिक वन उपभोक्ता समूहहरुलाई आगलागी नियन्त्रणको लागि जिम्मेबार बनाइने छ। आगलागी नियन्त्रणमा उपभोक्ताको सहभागिता अनिवार्य गरिने छ। उपभोक्ता सहभागिताका आधारमा आगामी दिनमा सामुदायिक वन उपभोक्ता समूहलाई प्रदान गरिने कार्यक्रम तथा सेवाहरुलाई पुरस्कार र दण्डको रुपमा उपयोग गरिने छ।
- ✓ स्थानीय तहसँगको समन्वयमा पहूँच योग्य ठाउँमा आवश्यक परेको समयमा दमकलमार्फत वन डढेलो नियन्त्रण गरिनेछ।
- ✓ आगलागीजन्य क्रियाकलापमा संलग्नहरुको सूचना संकलनको लागि सुराकी परिचालन कार्यक्रमलाई थप प्रभावकारी बनाइने छ।
- ✓ आगलागीमा संलग्न व्यक्ति तथा समूहलाई कानुनी कारवाही गरिने छ। यसले जनस्तरमा सिर्जना गर्नुका साथै वन डढेलो लगाउनु वन अपराध हो भन्ने मान्यतालाई स्थापित सहयोग गर्नेछ।
- ✓ वन डढेलो नियन्त्रण रोकथाम तथा ब्यवस्थापनका लागि जिल्ला स्थित सुरक्षा संयन्त्रहरुसँग आवश्यक सहयोग समन्वय गरिने छ।

**ग) उपचारात्मक उपायहरुः**

आगलागी भएको स्थानमा संस्थागत तथा जन सहभागितामूलक वृक्षारोपणको लागि प्रोत्साहन गरिने छ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिन्धुली

स्किम श्रेष्ठ
प्रमुख जिल्ला अधिकारी




चित्र १५: वन डढेलो नियन्त्रण तथा व्यवस्थापनका लागि 5R Framework

## ५.३ डढेलो नियन्त्रण पूर्व ध्यान दिनुपर्ने कुराहरू

वन डढेलो नियन्त्रण गर्न जाँदा विशेष होसियारी पुर्याउनु पर्छ। हाम्रो सानो गल्तीले आँफू र समुहका साथीहरुको समेत ज्यान डढेलोको जोखिमा पर्न सक्छ। विगतमा वन डढेलो नियन्त्रणका क्रममा सुरक्षकर्मी, वन कर्मचारी, वन उपभोक्ता सदस्य र नागरिकहरुको देहान्त भएको दुखद अवस्था हाम्रो सामु छ। यही विगतको अनुभवबाट पाठ सिक्दै हामीले डढेलो नियन्त्रण गर्न जानुपूर्व र तत्कालै देहायका कुराहरुमा विशेष ध्यान दिई डढेलो नियन्त्रण गर्नु पर्दछ।

### १) डढेलो लागेको ठाउँको बारेमा जानकारी

सर्व प्रथम डढेलो कहाँ लागेको छ, त्यसमा ठाउँ समथर, भिरालो, भीर, खोंच, मोहडा कता फर्केको छ, हिड्न सकिन्छ की सकिदैंन, बाटो छ छैन, डढेलो निभाउने क्रममा अचानक डढेलो आफैतिर आउन लाग्यो भने भाग्न सक्ने अवस्था छ, छैन, जस्ता कुराहरुमा ध्यान दिनु पर्दछ। यी कुराहरु विचार गरेर अगाडि बढेमा डढेलो नियन्त्रणमा लिन सजिलो हुन्छ।

### २) डढेलोको आँकलन

डढेलो निभाउन जाने क्रममा तत्कालै डढेलो कस्तो प्रकारको छ , सतही, जमिन र छत्र डढेलो मध्ये कुन हो। नियन्त्रणमा लिन सकिन्छ सकिदैन, नियन्त्रण लिन र निभाउन कहाँबाट शुरु गर्ने, हावाको बहाव कता तिर छ र

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय सिन्धुली
स्किम श्रेष्ठ
प्रमुख जिल्ला अधिकारी

कुन दिशाबाट आएको हो। कतातिर कसरी बढ्दै छ, प्रकृतिक रुपमा नियन्त्रणमा आउन सक्ने खोला, खोल्सा, खोंच, भिर, छन् छैनन् विचार गर्नु पर्दछ। निभाउन कुन ठाउँ र दिशाबाट शुरु गरेर कतागई टुंगाउन सकिन्छ, आदि कुराहरु विचार गर्नु पर्दछ।

### ३) डढेलो लागेको वनको संरचना वा प्रकृति

डढेलो लागेको क्षेत्र घाँसे मैदान, खरघाँस, चौडापाते (चिलाउने, कटुस, मौवा, उत्तिस), कोणधारी (सल्ला प्रजाति) कस्तो प्रकारको छ, वन घना, मध्यम, पातलो कस्तो छ, जंगल ज्यादै सुख्खा छ की ओसिलो (चिस्यान) छ। वन जंगलमा सुकेका हाँगाविंगा, पातपतिंगर थुप्रिएर बसेको छन् वा छैनन्, गत वर्ष वन डढेलो लागेको थियो थिएन, यि कुराहरु विचार गरेर डढेलो नियन्त्रण गर्न सकिने नसकिने के गर्ने निक्यौलमा पुग्न सहायता पुग्छ।

### ४) निभाउने सामाग्री र लगाउने पहिरन

हाम्रो घर वरिपरि रहेको वन जंगलमा लाग्ने डढेलो निभाउन आधुनिक उपकरणहरु उपलब्ध छैनन्। स्थानीय रुपमा उपलब्ध हुने वनको हरियो स्याउला भाँचेर, जुट वा अन्य कपडाको ठटाउने सामाग्री वनाएर, दाँति, कुटो, कुसेटो, बाउसो, कोदाली, बेलचा, हँसिया, पानी स्प्रेयर ग्यालेन, बाल्टी, पानी नजीक भए पाईप आदि सामाग्री प्रयोग गर्नु पर्दछ। त्यस्तै ढडेलो निभाउन जाँदा आगोको झिल्काले तत्कालै समाउने खालका लुगा (जस्तैः पोलिष्टर, सिलिक, झिल्झिले आदि) नलगाई त्यसको सट्टा आगाको लप्काले नटिप्ने खालका लामो बाउला भएको सुतीको कमिज, पाईन्ट, ट्राउजर, टोपी, बुट जस्ता कपडा प्रयोग गर्नु बुद्धिमानी हुन्छ।

### ५) डढेलो निभाउने जनशक्ति

डढेलो लाग्ने संभावना भएका वन क्षेत्र वरपर रहने स्थानीय बासिन्दा, उपभोक्ता समुहमा आबद्ध घरधुरी, स्थानीय क्लब, नजीक रहेका सरकारी निकायहरुको छलफलबाट डढेलो लागि हालेमा त्यसलाई बुद्धिमानी तरिकाले नियन्त्रणमा लिन डढेलो पहिल्यै डढेलो नियन्त्रण टोली गठन गर्नु पर्दछ। यसको साथै डढेलो लागेको खण्डमा सबै समुदाय सदस्यहरुमा सूचना एकै साथ पुग्ने गरी सूचना गर्ने, कर्नाल/नसिंग बजाउने, शंख फुक्ने, सिठ्ठी बजाउने जस्ता क्रियाकलापबाट सूचना तत्काल गर्ने व्यवस्था गर्नु पर्दछ। सूचना समयमै पुगेमा डढेलो ठूलो नहुँदै सबै जना जुटी नियन्त्रण गर्न सकिन्छ। साथै डढेलोको घटना भएको स्थान नजीक ठूलो संख्यामा समुहमा रहने नेपाली सेना, नेपाल प्रहरी, शसत्र प्रहरी बल, डढेलो नियन्त्रण दस्तालाई समेत समयमै खवर गर्न सक्यौ भने प्रर्याप्त जनशक्ति जुटेर डढेलो नियन्त्रणमा लिन सकिन्छ। थोरै जनशक्ति छ, ठूलो ढडेलो छ भने एकातर्फ निभाउँदै जाँदा अर्को तर्फ फैलिदै बढ्ने र नियन्त्रण गर्न सकिदैन। त्यसैले सकेसम्म धेरै जनशक्ति जुटाई एकै साथ निभाउने प्रयास गर्नु पर्छ।

### ६) तत्कालीन स्थानीय मौसम

डढेलो लागेको स्थानको तत्कालीन मौसम कस्तो छ, ज्यादै सुख्खा रहे को, टण्टलापुर घाम लागेको, हावा हुरी चलेको, बादल लागि पानी पर्न थालेको, हावाको गति र दिशा कस्तो र कतातिर बहेको छ त्यसको विचार गर्नु पर्दछ। डढेलो लागेको ठाउँमा ज्वलनशील पदार्थहरु जम्मा भएको र जमिन भिरालो भएमा तलबाट माथितिर

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय सिन्धुली

स्किम श्रेष्ठ
प्रमुख जिल्ला अधिकारी

बढेको अवस्थामा डढेलो विस्तार हुँदै चाँडो फैलिदै जान्छ र नियन्त्रण गर्न कठिनाई हुन्छ। त्यसैले तत्कालिन परिस्थिती मुल्यांकन गरेर होसियारी अपनाई उचित निर्णय लिएर काम गर्नु पर्दछ ।

### ७) प्राथमिक उपचार सामाग्री

लागेको डढेलोको निभाउने र नियन्त्रणमा लिने क्रममा मानिस घाईते पनि हुन सकिन्छ। विशेष होसियारी अपनाउन नसकिएमा ज्यानै जान सक्दछ। त्यसैले कुनै कारणबाट घटना घट्न गएमा तत्कालिन प्राथमिक उपचार गर्ने प्रबन्ध स्थानीय समुदाय स्तरमा मिलाउनु पर्दछ।

## ५.४ समुदाय स्तरमा डढेलो रोकथामको लागि गर्नु पर्ने कार्यहरु

डढेलो रोकथाममा प्रमुख भूमिका स्वयं व्यक्ति र समुदायको रहने कुरा निर्विवाद छ। व्यक्ति र समुदायको सानो प्रयासले ठूलो डढेलोको प्रकोपबाट वन जंगल र समुदायमा हुने क्षति हुनबाट बचाउन सकिन्छ। यसको लागि निम्न क्रियाकलापहरु गर्नु आवश्यक छ।

### अ) सूचना र सन्देश प्रसारण

डढेलो हुन सक्ने समय अगावै देखि होसियारी अपनाउनु पर्ने कुराहरको वारेमा सुचना, सन्देश प्रसारण गर्नु पर्दछ। यसको लागि गाउँ घरमा संजाल निर्माण गरी सन्देश प्रसारण गर्ने, विद्यालय स्तरमा कक्षा संचालन, गाउँमा सभा, गोष्ठी, तालिम गरेर र जिल्ला स्तरमा अन्त्रक्रिया, एफएम, रेडियो मार्फत वन डढेलो नियन्त्रण, रोकथाम र कानुनी प्रावधानहरुको बारेमा सन्देश प्रसारण गर्ने व्यवस्था वन कार्यालय, सामुदायिक वन उपभोक्त समुह, गाउँपालिका, स्थानीय क्लव, विद्यालयहरुबाट मिलाउनु पर्दछ।

### आ) बाटो आसपासबाट बल्ने वस्तुहरु हटाउने

हाम्रा एक एकगाउँबाट अर्को गाउँमा जाने बाटोहरु प्रायजसो वन जंगल हुदै जान्छन्। यतायातको लागि बनाएको बाटोहरु पनि वन जंगलबाट गएको छन्। यात्रीहरुले यात्राको क्रममा चुरोट खाएर फालेमा वन जंगलमा आगो सल्कीने हुन सक्छ। त्यसैले मौसम सुख्खा हुनु अगावै, सुख्खा भएको समयमा वनमा र वनको आसपासमा रहेका पैदल, गोरेटो, मोटर बाटो छेउछाउमा जम्मा भएका ज्वलनशील पातपतिंगर, झाडी, खरघाँस आदि जम्मा गर्ने र सुरक्षित तरिकाले जलाउने गरेर सधै सफा राखु पर्दछ।

### इ) अग्नी रेखा, वन पथ निर्माण गर्ने

वनको अवस्था, आवश्यकता र जंगलको अवस्था हेरि अग्नी नियन्त्रण रेखा र वन पथ निर्माण गर्ने प्रावधान वन व्यवस्थापन योजनामा समावेश गरिएको हुन्छ। वन कार्ययोजनामा सो व्यवस्था नभएमा परिमार्जन गर्दा समावेश गर्ने, कार्ययोजना संसोधन गरेर समेत सो प्रावधान समावेश गर्न सकिन्छ। वनलाई डढेलोबाट बचाउन खण्ड खण्डमा विभाजन गरी अग्नी रेखा बनाउने र सो पथमा रहेका झरेका पात पतिंगर, वरिपरी रहेका सुख्खा झाडी बुट्यान सफा गरी सुरक्षित तवरले जलाउनु पर्दछ। यो कार्य सुख्खा समयमा १५/१५ दिनमा गर्नु पर्दछ।

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय सिन्धुली

स्किम श्रेष्ठ
प्रमुख जिल्ला अधिकारी

यसबाट कुनै कारणबाट एक खण्डमा लागेको डढेलो अन्य खण्डमा जान (फैलिन) बाट रोक्न र नियन्त्रण गर्न सकिन्छ।

**ई) बाल बच्चाबाट आगो बाल्ने वस्तु टाढा राखे**

बालबच्चाहरु ज्यादै जिज्ञासु हुन्छन्। देखेको कुरालाई परीक्षण गरेर हेर्न खोज्छन्। यसै क्रममा उनीहरुले आगो बालेर खेलाउँदा धेरै आगोलागी र डढेलोका घटनाहरु भएको सुन्नमा आईरहन्छ। त्यसैले बच्चाहरुले पुग्ने ठाउँमा आगो बाल्न प्रयोग हुने सलाई, लाईटर जस्ता बस्तुहरु राख्नु हुँदैन। सुरक्षित ठाउँमा राख्नु पर्दछ।

**उ) वनमा नियन्त्रित डढेलो लगाउने**

वनमा सुख्खा मौसम आउनु अगावै मंसिर महिना वा सो भन्दा पहिल्यै वन हरियै रहेका अवस्थामा वनमा निर्धारित डढेलो (controlled burning) लगाउने र निभाउने अभ्यास समेत गर्ने गरिन्छ। विशेष गरी यो कार्यले वनमा धेरै मात्रामा थुप्रिएर रहका पातपतिगर डढ्ने र भुईमा मात्र सल्कने हुँदा यसले वनमा प्रज्वलनशील पदार्थको उपस्थितिमा कमी ल्याउने र वनमा सुधार ल्याउन समेत मद्दत गर्दछ। यसले सुख्खा मौसममा ठूलो डढेलो लाग्नबाट समेत बचाउँछ।

**ऊ) वन डढेलो लागेको खण्डमा निभाउने**

पहिलो प्रयास डढेलो लाग्नै नदिने वातावरण तयार गर्ने हो। डढेलो लागि हालेमा हाम्रो समुदायका सबै मनिसहरु मिलेर डढेलोलाई नियन्त्रणमा लिई निभाउनु पर्दछ।

**ए) वन डढेलो लगाउनेलाई कार्वाही गर्ने**

डढेलो प्रायः मानिसले लुकी छिपी जानीजानी लगाएको पाईन्छ। हामी गाउँ घरमा डढेलो लगाउने यक्ति थाहा त पाउँछौ तर रीसईवी हुन्छ, मेरो नाता पर्छ भनेर गुपचुप गराउन प्रयास गर्ने गर्छौ। यसले 'चोरलाई चौतारो दिएर पुरस्कृत गरेको ठर्हछ। उसले झन् झन् क्षति हुने गरी सोही वर्ष र अर्को बर्ष जघन्य अपराध वन डढेलो लगाउन प्रोत्साहित हुन सक्छ। त्यसैले समयमै आफ्नो गाउँ घरमा डढेलो लगाउने व्यक्तिहरुलाई भेला राखेर कसुरको मात्रा हेरी अब आईन्दा देखि डढेलो नलगाउने भनी भेलामा उपस्थित गराएर सपथ खुवाउने, कबुलियत कागज गराउने, जरिवाना गर्नुका साथै सामुदायिक वन उपभोक्ता समुहको विधान र कार्ययोजना अनुसार कार्वाही गर्ने गर्नु पर्दछ। धेरै ठूलो क्षति भएको खण्डमा वन समुहले सिफारिस सहित कानूनी कार्वाही गर्न डिभिजन वन कार्यालयमा पठाउनु पर्दछ। अटेर गरेमा प्रहरी वा वन कर्मचारीको सहयोग लिई पक्राउ गर्नु पर्दछ।

**५.५ वन डढेलो नियन्त्रण पूर्वतयारी तथा प्रतिकार्य**

वन डढेलो नियन्त्रण रोकथाम पूर्वतयारी तथा प्रतिकार्यका लागि तपसिलमा उल्लेखित कार्यनितिहरु अवलम्वन गरिनेछ।

**क. जनचेतना अभिवृद्धि तथा नियमनलाई प्रभावकारी बनाई वन डढेलोको जोखिम बारेको बुझाई स्पष्ट पार्ने**

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय सिन्धुली

स्किम श्रेष्ठ
प्रमुख जिल्ला अधिकारी

| क्र.स | क्रियाकलापहरु | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|---|
| १ | वन डढेलो सचेतना सप्ताह मनाउने | चैत्र १-७ | डिभिजन वन कार्यालय तथा सब डिभिजन वन कार्यालयहरु | सामुदायिक वन उपभोक्ता समूह, स्थानीय तह, कबुलियति वन समूह,स्थानिय तह सुरक्षा निकाय, गैरसरकारी संघसंस्था, निजी क्षेत्र, नागरिक समाज, संचार क्षेत्र | |
| २ | सामुदायिक/राष्ट्रिय वन /कबुलियती/ समूहमा रोकथाम तथा न्यूनीकरणका उपायका बारेमा अभिमूखीकरण गराउने। | फाल्गुन/निरन्तर | डिभिजन वन कार्यालय तथा सब डिभिजन वन कार्यालयहरु | सामुदायिक वन उपभोक्ता समिति, स्थानीय तह, कबुलियति वन समूह, सुरक्षा निकाय, स्थानिय तह गैरसरकारी संघसंस्था, निजी क्षेत्र, नागरिक समाज, संचार जगत | |
| ३ | वन डढेलोको जोखिम, हानिनोक्सानी, प्रतिकूल प्रभावहरुको बारेमा स्थानिय रुपमा आमसंचार माध्यमबाट प्रचार-प्रसार गर्ने गराउने | फाल्गुन/निरन्तर | डिभिजन वन कार्यालय | जिल्ला स्थित संचार जगत | |
| ४ | डढेलो लगाउने कार्यलाई निरुत्साहन गर्न विद्यमान कानून कडाईपूर्वक लागू गर्ने । | निरन्तर | डिभिजन वन कार्यालय तथा सब डिभिजन वन कार्यालयहरु | डिभिजन वन कार्यालय तथा सब डिभिजन वन कार्यालयहरु | |

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय सिन्धुली

स्किम श्रेष्ठ
प्रमुख जिल्ला अधिकारी

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | विद्यालय स्तरमा वन डढेलो रोकथाम तथा नियन्त्रणका लागि जनचेतना प्रचार प्रसार गर्ने | निरन्तर | डिभिजन वन कार्यालय तथा सब डिभिजन वन कार्यालयहरु | विद्यालयहरु शिक्षकहरु विद्यार्थीहरु स्थानिय तह | |

**ख. वन डढेलोको आकलन, वन क्षेत्र एवं वनजन्य इन्धन व्यवस्थापन गरी आगलागीको जोखिम न्यूनीकरण गर्ने ।**

| क.सं. | क्रियाकलापहरु | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|---|
| १ | वन डढेलोको आकलन, नक्साङ्कन तथा क्षेत्र निर्धारण गर्ने | माघ/निरन्तर | डि. व. का तथा सब डि. व.का | सामुदायिक वन समूह, स्थानीय तह, कबुलियति वन समूह,स्थानिय तह, सुरक्षा निकाय, | |
| २ | वन डढेलो मौसम (फागुनदेखि जेठसम्म १२० दिन) अघि नै सुरक्षित व्यवस्थापनको लागि बस्ती वरीपरी रहेको वनमा काँटछाँट, सरसफाइ, अग्निरेखा निर्माण वा वन सरसफाइ नियमित गर्ने । | माघ/नियमित | डि. व. का तथा सब डि. व.का | सामुदायिक वन उपभोक्ता समूह, स्थानीय तह, कबुलियति वन समूह,स्थानिय तह काठ व्यवसायी, खोटो कम्पनि आदि | |

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय सिन्धुली

स्किम श्रेष्ठ
प्रमुख जिल्ला अधिकारी

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | वन डढेलोको संभावित क्षेत्रमा पानीका स्रोत पहिचान, अग्नी रेखा निर्माण र पानी पोखरीहरू तयार तथा मर्मत संभार, पानीका स्रोत तथा पोखरीसम्म जाने बाटो पहिचान, संरक्षण तथा रेखाङ्कन गर्ने । | फाल्गुन/निरन्तर | डि. व. का तथा सब डि. व.का | सामुदायिक वन उपभोक्ता समूह, स्थानीय तह, कबुलियति वन समूह,स्थानिय तह, काठ ब्यवसायी, खोटो कम्पनि आदि | |

ग. प्रविधिको प्रयोग एवं मानव संशाधन परिचालन मार्फत आगलागी जोखिम क्षेत्रको निगरानी, अनुगमन, पहिचान तथा पूर्वचेतावनीलाई प्रभावकारी बनाउने ।

| क.सं. | क्रियाकलापहरु | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|---|
| १ | हेरालु तथा ड्रोन आदिबाट वन क्षेत्रको अनुगमन र आगलागीको निगरानी गर्ने । | फाल्गुन/निरन्तर | डि. व. का तथा सब डि. व.का | सामुदायिक वन उपभोक्ता समूह, स्थानीय तह, कबुलियति वन समूह,स्थानिय तह, काठ ब्यवसायी, खोटो कम्पनि आदि | |
| २ | वन डढेलो लक्षित सुरक्षा निकाय तथा स्थानीय समुदायको निगरानी तथा डढेलो नियन्त्रण अभियान सञ्चालन गर्ने । | फाल्गुन/निरन्तर | डि. व. का तथा सब डि. व.का | सामुदायिक वन उपभोक्ता समूह, स्थानीय तह, कबुलियति वन समूह,स्थानिय तह, काठ ब्यवसायी, खोटो कम्पनि आदि | |

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय सिन्धुली

स्किम श्रेष्ठ
प्रमुख जिल्ला अधिकारी

घ. सरोकारवाला निकायहरु विच प्रभावकारी समन्वय सहकार्य संचार कायम गर्द सचेतनामद्गलक अभियान तालिम मभ्यास पूर्वतयारी तथा डढेलो नियन्त्रण कार्य सुदृढीकरण गर्ने

| क.सं. | क्रियाकलापहरु | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|---|
| १ | वन डढेलो नियन्त्रण तथा व्यवस्थापन सम्वन्धी गोष्ठी र समन्वय बैठक | फाल्गुन/निरन्तर | डिभिजन वन कार्यालय तथा सब डिभिजन वन कार्यालयहरु | सामुदायिक वन उपभोक्ता समूह, स्थानीय तह, कबुलियति वन समूह,स्थानिय तह, काठ व्यवसायी, खोटो कम्पनि आदि | फाल्गुन/निरन्तर |
| २ | वन डढेलो रोकथाम तथा नियन्त्रणका लागि आवश्यक ओजारहरु व्यवस्थापन | फाल्गुन/निरन्तर | डिभिजन वन कार्यालय तथा सब डिभिजन वन कार्यालयहरु | सामुदायिक वन उपभोक्ता समूह, स्थानीय तह, कबुलियति वन समूह,स्थानिय तह, सुरक्षा संयन्त्रहरु, | |
| ३ | वन डढेलो नियन्त्रणका लागि वन समूह संजाल गठन तथा परिचालन गर्ने । | वन डढेलो अवधिभर/निरन्तर | डिभिजन वन कार्यालय तथा सब डिभिजन वन कार्यालयहरु | सामुदायिक वन उपभोक्ता समूह, स्थानीय तह, कबुलियति वन समूह,स्थानिय तह, सुरक्षा संयन्त्रहरु | |

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय सिन्धुली

स्किम श्रेष्ठ
प्रमुख जिल्ला अधिकारी

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | सामुलायिक वन समूहहरुमा वन हेरालु छनोट तथा Rapid Response Team (RRT) गठन गरी प्रभावकारी रूपमा परिचालन गर्ने । | वन डढेलो अवधिभर | डिभिजन वन कार्यालय तथा सब डिभिजन वन कार्यालयहरु | सामुदायिक वन उपभोक्ता समूह, स्थानीय तह, कबुलियति वन समूह,स्थानिय तह, सुरक्षा संयन्त्रहरु | |

ङ. वन डढेलोवाट प्रभावित वन सम्पदा जैविक विविधता पुनर्स्थापना तथा समुदायको उद्धार, उपचार, राहत तथा पुनर्स्थापना सम्बन्धी कार्यलाई प्रभावकारी तुल्याउने।

| क.सं. | क्रियाकलापहरु | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|---|
| १ | वन डढेलोबाट प्रभावित वन कर्मचारीहरु व्यक्ति तथा समुदायको उपचार तथा हेरचाहको व्यवस्था गर्ने । | तुरुन्त | डिभिजन/सवडिभिजन वन कार्यालयहरू | जिल्ला/स्थानीय विपद् व्यवस्थापन समिति,, स्थानीय तह | |
| २ | वन डढेलोवाट क्षति पुगेका वन पैदावारको विवरण यथाशिघ्र संकलन गरि यथाशिघ्र सङ्कलन गर्ने र डढेलोवाट प्रभावित क्षेत्र सफा गर्ने । | तुरुन्त | डिभिजन/सवडिभिजन वन कार्यालयहरू, सामुदायिक वन उपभोक्ता समूह | जिल्ला/स्थानीय विपद् व्यवस्थापन समिति,, स्थानीय तह | |

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय सिन्धुली

स्किम श्रेष्ठ
प्रमुख जिल्ला अधिकारी

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | आगलागीमा परेका जङ्गली पशुपन्छीको उद्धार, उपचार र पुनर्स्थापना गर्ने । | तुरुन्त | डिभिजन/सवडिभिजन वन कार्यालयहरू, सामुदायिक वन उपभोक्ता समूह | सुरक्षा निकाय, वन सम्बद्ध संघसंस्थाहरू, पशुसेवा केन्द्रहरू | |
| ४ | वन डढेलोबाट क्षति भएका वन स्रोतको पुनर्स्थापनाका लागि आवश्यक पहल गर्ने | तुरुन्त | डिभिजन/सवडिभिजन वन कार्यालयहरू, सामुदायिक वन उपभोक्ता समूह | जिल्ला/स्थानीय विपद् व्यवस्थापन समिति,, स्थानीय तह | |

च. अनुगमन र तथ्याङ्क व्यवस्थापन सम्वन्धी कार्यलाई प्रभावकारी वन डढेलो नियन्त्रण पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना

| क्र.सं. | क्रियाकलापहरु | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|---|
| १ | विभिन्न तह र अन्तर निकायहरुविच वन डढेलो विपद् व्यवस्थापन सम्वन्धमा समन्वय वैठक | निरन्तर | डिभिजन/सवडिभिजन वन कार्यालयहरू | जिल्ला/स्थानीय विपद् व्यवस्थापन समिति,, स्थानीय तह, सुरक्षा निकायहरु | |
| २ | आगलागीबाट भएको क्षति तथा कारणको अनुमान, मूल्याङ्कन तथा अभिलेखन गर्ने | डढेलो अवधिभर /हरेक ७-७ दिनमा | डिभिजन/सवडिभिजन वन कार्यालयहरू | जिल्ला/स्थानीय विपद् व्यवस्थापन समिति,, स्थानीय तह, सुरक्षा निकायहरु | |

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय सिन्धुली

सिकम श्रेष्ठ
प्रमुख जिल्ला अधिकारी

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | आगलागी नियन्त्रण गर्न भएका प्रयासहरुको अभिलेखन तथा क्षति न्यूनीकरणमा भएका काम र उपलब्धिको तथ्याङ्क व्यवस्थापन गर्ने । | निरन्तर | डिभिजन/सवडिभिजन वन कार्यालयहरू | जिल्ला/स्थानीय विपद् व्यवस्थापन समिति,, स्थानीय तह, सुरक्षा निकायहरु | |
| ४ | वन डढेलो जोखिम न्यूनीकरण तथा व्यवस्थापन बारे खोज, अध्ययन, अनुसन्धान गर्ने । | निरन्तर | डिभिजन/सवडिभिजन वन कार्यालयहरू | जिल्ला/स्थानीय विपद् व्यवस्थापन समिति,, स्थानीय तह, सुरक्षा निकायहरु | |
| ५ | वन डढेलोको सिजनको अन्त्य पश्चात् वार्षिक समीक्षा गर्ने । | जेठ | डिभिजन/सवडिभिजन वन कार्यालयहरू | सामुदायिक वन उपभोक्ता समूह, स्थानीय तह, कबुलियति वन समूह,स्थानिय तह, सुरक्षा संयन्त्रहरु जिल्ला/स्थानीय विपद् व्यवस्थापन समिति | |

**५.६ सामुदायिक वन समूहमा वन डढेलो न्यूनिकरण तथा व्यवस्थापनका लागि भए गरेका प्रयासहरुः**

विगत वर्षहरुमा वन डढेलो न्यूनिकरण तथा व्यवस्थापनका लागि सामुदायिक वन समूहहरुको सहभागितालाई महत्व दिई कम्तीमा पनि एक कलष्टरमा ३ वटा सामुदायिक वन समूहको प्रतिनिधि हुने गरि वन डढेलो नियन्त्रण सञ्जाल समूह गठन गरि उक्त समूहहरुलाई परिचालन गरिदै आएको छ। सब डिभिजनबाट उल्लेखित समूहहरुमा वन डढेलो रोकथाम तथा नियन्त्रण तथा व्यवस्थापनका लागि अभिमूखीकरण कार्य पनि गरिनेछ। वन डढेलोको

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय सिन्धुली

रिकम श्रेष्ठ
प्रमुख जिल्ला अधिकारी

जोखिम समयलाई मध्यनजर गर्दे केही समूहहरुले वन हेरालु पनि राखेका छन्। साथै केही समूहहरुमा अग्नी निरोधका साम्रगीहरु पनि सिमित रुपम रहेको पाइन्छ । जसको विवरण तपसिल बमोजिम रहेको छ।

**५.६.१ सिन्धुली डिभिजन वन कार्यालयमा सब डिभिजन अनुसार वन डढेलो रोकथाम ,न्यूनिकरण तथा व्यवस्थापनका लागि समूहमा भए गरेका प्रयासहरु**

| सि. नं | सब डिभिजन वन कार्यालयको नाम | वन डढेलो नियन्त्रण सञ्जाल समूह संख्या | वन हेरालु राखिएका समूह संख्या | अग्नी निरोधक साम्रगी भएका समूह संख्या |
|---|---|---|---|---|
| १ | सिद्धेश्वर | ७ | १२ | २ |
| २ | भिमान | ९ | १ | ४ |
| ३ | गोलन्जोर | ५ | १ | १ |
| ४ | हर्षाही | ३ | १३ | १ |
| ५ | दुधौली | ६ | १ | १ |
| ६ | तिनपाटन | ८ | ६ | ४ |
| ७ | रानीवास | २ | १५ | १ |
| ८ | फिक्कल | ३ | १ | २ |

*नोटः* **वन व्यवस्थापनमा सकृय भई कोषमा रकम भएका समूहहरुलाई वन डढेलो** रोकथाम, नियन्त्रण तथा व्यवस्थापनका लागि कम्तीमा ४० सामुदायिक वन उपभोक्ता समूहहरुलाई वन डढेलो नियन्त्रण तथा सामग्री खरिदका लागि पहल गराउन अधिकतम् प्रयास गरिनेछ ।

**५.६.२ मरिण डिभिजन वन कार्यालयमा सब डिभिजन अनुसार वन डढेलो रोकथाम ,न्यूनिकरण तथा व्यवस्थापनका लागि समूहमा भए गरेका प्रयासहरु**

| सि.नं. | सब डि.व.का. | हेरालु संख्या | सि.नं. | सब डि.व.का. | हेरालु संख्या |
|---|---|---|---|---|---|
| १ | पिपलमाढी | ३ | ५ | कपिलाकोट | ४ |
| २ | महेन्द्रझ्याडी | २६ | ६ | महादेवस्थान | ५ |
| ३ | क्यानेश्वर | २५ | ७ | बस्तीपुर | ३ |
| ४ | कल्पवृक्ष | ६ | ८ | कपिलाकोट | ४ |


गत आ.व. मा डिभिजन वन कार्यालय, मरिणले १० सेट र डिभिजन वन कार्यालयको कार्यक्षेत्र भित्र पर्ने ६८ सामुदायिक वन उपभोक्ता समूहहरुले डढेलो नियन्त्रण सामग्री खरिद गरी सकेको अवस्था छ।डिभिजन वन कार्यालय मरिणले उक्त सामग्रीहरु डढेलो नियन्त्रण कार्यमा अग्रपन्थीमा रहने सुरक्षा निकाय, न्युन आय भएका

स्किम श्रेष्ठ
प्रमुख जिल्ला अधिकारी

डढेलो जोखिमयुक्त सा.व.उ.स. हरुमा वितरण गरी डढेलो व्यवस्थापनामा पूर्वतयारीमा सुनिस्चितता गरेको छ। साथै सव डिभिजन वन कार्यालयहरुका कार्यक्षेत्रभित्र पर्ने सा.व.उ.स हरुद्वारा वन डढेलो नियन्त्रण, वन व्यवास्थपन तथा संरक्षणका निम्ति वन हेरालुहरु खटाईएका तथ्यांक तपसिल बमोजिम रहेका छन्। सुक्खा मौसम नजिकिदै गर्दा वन डढेलोको जोखिम समेत उच्च हुने भएकाले बाँकी सामुदायिक वन उपभोक्ता समूहहरुले पनि हेरालु नियुक्त गर्ने जारी छ।

५.७ वन **डढेलो व्यवस्थापनमा सक्रिय सरोकारवाला निकायहरु**

संबैधानिक आधार तथा ऐन नियम समेतमा व्यवस्था भए अनुसार वन डढेलो व्यवस्थापनमा आपसी समन्वय, सहकार्यमा तीनवटै सरकारले आ-आफ्नो भोमिका निर्वाह गरिरहेका छन्।




५.७.१ वन **डढेलो नियन्त्रण जिल्ला कमाण्ड टिम**

जिल्लामा वन डढेलो नियन्त्रणको लागि समन्वय र निर्देशनको लागि निम्नानुसारको जिल्ला कमाण्ड टिम गठन गरि परिचालन हुने व्यवस्था रहेको छ।

- प्रमुख जिल्ला अधिकारी/सहायक प्रमुख जिल्ला अधिकारी
- प्रमुख सेनानी
- जिल्ला प्रहरी कार्यालय प्रमुख
- शसस्त्र प्रहरी बल प्रमुख

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिन्धुली

स्किम श्रेष्ठ
प्रमुख जिल्ला अधिकारी

- राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालयका प्रमुख
- डिभिजन वन कार्यालय प्रमुख
- सामुदायिक वन उपभोक्ता महासंघ, सिन्धुली शाखा

## ५.७.२ जिल्ला भित्रको वन डढेलो नियन्त्रण तथा व्यवस्थापनका सरोकारवाला निकायहरु र तिनको भूमिका

| कार्यालय/निकाय/संस्था | भूमिका |
|---|---|
| जिल्ला समन्वय समिति सिन्धुली | विपद (वन डढेलो समेत) व्यवस्थापनमा नगर/गाउँपालिका र स्थानीय प्रशासन समन्वय र सहकार्य |
| नगर/गाउँपालिकाकार्यालयहरु | विपद व्यवस्थापनको नीति, योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन र विपद चक्रमा स्थानीय समुदाय परिचालन |
| जिल्ला प्रशासन कार्यालय सिन्धुली | प्रहरी, शसस्त्र प्रहरी वल परिचालन, विपद सम्बन्धि नीति निर्माण, नियमन तथा कार्यान्वयन, अनियन्त्रित डढेलो लगायत अन्य विपद (प्रकोप) नियन्त्रण सम्बन्धि कार्य एवं समन्वय |
| नेपाली सेना भवानी बक्स गण/जिल्ला प्रहरी कार्यालय/सशस्त्र प्रहरी गुल्म आश्रित गुल्म | वन डढेलो नियन्त्रण, प्रतिकार्य र उद्दार कार्यमा समन्वय र जनशक्ति परिचालन |
| राष्ट्रिय अनुसन्धान | वन डढेलो सम्बन्धि अपराधको सूचना संकलन र समन्वय |
| डिभिजन वन कार्यालय मरिण/सिन्धुली | डढेलो नियन्त्रण सम्बन्धि योजना तर्जुमा तथा कार्यक्रम कार्यान्वयन, अनुगमन, प्रचार प्रसार, क्षमता अभिवृद्धि, वन समूह परिचालन, समन्वय |
| सामुदायिक वन उपभोक्ता महासंघ सिन्धुली | डढेलो नियन्त्रण सम्बन्धि प्रचार प्रसार तथा चेतनामूलक कार्यक्रम संचालन, कार्यक्रम तर्जुमा तथा कार्यान्वयन |
| पत्रकार तथा मिडियाहरु | जन चेतनाका अभिवृद्धिका लागि सामग्री तयार, प्रचार प्रसार |
| नेपाल रेडक्रस सोसाइटि जिल्ला सिन्धुली | विपद् पिडितलाई राहत, सहायता डढेलो नियन्त्रण, सम्बन्धि प्रचार प्रसार तथा चेतनामूलक कार्यक्रम संचालन |
| जिल्लाका शैक्षिक संस्थाहरु | विद्यार्थीहरुमा विपद् (वन डढेलो) पूर्व तयारी (रोकथाम), प्रतिकार्य, पुनरोत्थान, पुनर्लाभ सम्बन्धि संरक्षण कक्षा संचालन र सचेतना अभिवृद्धि |
| उद्योग वाणिज्य महासंघ सिन्धुली | विपद व्यवस्थापनमा राहत सामग्री व्यवस्थापन र वितरण |
| सामुदायिक वन उपभोक्ता समूहहरु, कबुलियति वन समूहहरु, निजि वन, वन | सामुदायिक/कबुलियती/धार्मिक वन समूहको विधान तथा कार्ययोजना कार्यान्वयन, वन डढेलो नियन्त्रण सम्बन्धि योजना तर्जुमा, कार्यान्वयन, प्रचार प्रसार तथा क्षमता अभिवृद्धि |

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय सिन्धुली

सिकर्म श्रेष्ठ
प्रमुख जिल्ला अधिकारी

| | |
|---|---|
| पैदावार व्यवसायी महासंघ सिन्धुली, खोटो कम्पनी आदि | |

## ५.८ संचालन गरिने क्रियाकलापहरु

माथि उल्लेखित रणनितीहरु समेतको आधारमा तालिकामा उल्लेख भए अनुसारको कार्यहरु गर्न आवश्यक रहेकाले सबै सरोकारवालाहरुको सहकार्य र सहभागितामा निम्नानुसार क्रियाकलापहरु गर्न प्रस्ताव गरिएको छ।

| क्र.सं. | क्रियाकलाप | बजेट व्यहोर्ने प्रस्तावित निकाय | कहिले गर्ने |
|---|---|---|---|
| १ | वन डढेलो पूर्व तयारी तथा प्रतिकार्य योजना तयारी | डि.व.का. | फाल्गुन प्रन्ध सम्म |
| २ | डढेलो नियन्त्रण संबन्धि सरोकारवालाहरुको उपस्थितिमा अभिमुखीकरण कार्यक्रम | डि.व.का. | फागुन तेस्रो हप्ता |
| ३ | विभिन्न वन समूहहरु (सा.व.,क.व., धार्मिक वन आदि) का पदाधिकारीहरुको सम्पर्क नम्बर अद्यावधिक गरी सोकारवालाहरुलाई उपलब्ध गराउने | डि.व.का. | फाल्गुन तेस्रो हप्ता |
| ४ | आगलागीको जानकारी गराउन Message alert का लागि क्लष्टर अनुसार Group SMS गर्ने | डि.व.का. | फाल्गुन देखि जेष्ठसम्म |
| ५ | अग्नि रोधक सामग्री खरिद तथा वितरण एवं उपयोग (३ सेट ब्यागप्याक पम्प सहित) | डिवका/समूह/पालिका वा अन्य कार्यालय | चैत्र पहिलो हप्ता सम्म |
| ६ | Fire Hazard, Water Resource availability and Access Road Mapping गरी सरोकारवालाहरुलाई वितरण | डि.व.का. | चैत्र भित्र |
| ७ | संरक्षण कक्षा संचालन एवं चेतनामूलक गोष्ठी (समूह र विद्यालय स्तरमा) | डिवका/समूह/पालिका वा अन्य कार्यालय | फाल्गुन देखि शुरु गर्ने |
| ८ | डढेलो नियन्त्रण द्रुत टोली गठन र परिचालन | जिल्ला प्रशासन कार्यलाय | फाल्गुन मसान्त भित्र गठन गरि परिचालन |
| ९ | विपद व्यवस्थापन/उद्दार टोलि गठन र परिचालन/गठन | जिल्ला प्रशासन कार्यलाय | फाल्गुन मसान्त भित्र गठन गरि परिचालन |
| १० | सामुदायिक तथा राष्ट्रिय वन र आवादीको सिमानामा ज्वलानशिल पदार्थ हटाउन सबै समुहलाई सुचित गर्ने र नमुनाको रूपमा प्रत्येक पालिकाको एक स्थानमा प्रयोगात्मक अभ्यास गर्ने | डिवका/समूह/पालिका वा अन्य कार्यालय | फागुन मसान्त सम्म |

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय सिन्धुली

रिकम श्रेष्ठ
प्रमुख जिल्ला अधिकारी

| | | | |
|---|---|---|---|
| ११ | उपभोक्ताहरु परिचालन गरी वन सिमाना क्षेत्रमा रहेका ज्वलनशिल पदार्थ संकलन, Debris Burning, Prescribed Burning आदि कार्य संचालन गर्ने (समूहको कोषमा रकम भएका समुहहरुमा) | समूहबाट आवश्यकता अनुसार खर्च व्यहोर्ने | फाल्गुन देखि चैत्र मसान्तसम्म |
| १२ | उपभोक्ताहरु परिचालन गरी वन सिमाना क्षेत्रमा रहेका ज्वलनशिल पदार्थ संकलन, Debris Burning, Prescribed Burning आदि कार्य संचालन गर्ने (समूहको कोषमा रकम नभएका समुहको लागि उपभोक्ताहरुलाई खाजाको लागि) | पालिका वा अन्य निकाय | फाल्गुन देखि चैत्र मसान्तसम्म |
| १३ | Fireline Maintenance and Fire break construction for instant control | डिवका/समूह/पालिका वा अन्य कार्यालय | फाल्गुन देखि आवश्यकता अनुसार |
| १४ | वन डढेलो नियन्त्रण तथा व्यवस्थापनका लागि माईक, एम्प्लिफायर, ब्याट्री आदि खरिद गरी कार्यालयको सवारी साधनमा राखी माईकिंग गर्ने | डिवका/समूह/पालिका वा अन्य कार्यालय | फाल्गुन देखि आवश्यकता अनुसार |
| १५ | वन डढेलो नियन्त्रणका लागि जनशक्ति व्यवस्थापन गर्न सवारी व्यवस्थापन (गाडी भाडा समेत) | डिवका/समूह/पालिका वा अन्य कार्यालय | फाल्गुन देखि जेष्ठ सम्म |
| १६ | वन डढेलो नियन्त्रणका लागि खटिएका सवारी साधनको लागि ईन्धन | डिवका/समूह/पालिका वा अन्य कार्यालय | फाल्गुन देखि जेष्ठ सम्म |
| १७ | दमकल परिचालन (दमकलको लागि ईन्धन, चालक र सहचालकको लागि खाना/खाजा समेत) | पालिका | फाल्गुन देखि जेष्ठ सम्म |
| १८ | वन डढेलो नियन्त्रण तथा व्यवस्थापनका खटीईने कर्मचारी सुरक्षाकर्मी एवं उपभोक्ताहरुको लागि खाना, खाजा, पानि लगायतको खर्च | डिवका/समूह/पालिका वा अन्य कार्यालय | फाल्गुन देखि जेष्ठ सम्म |
| १९ | सा.व.उ.स. बाट वन डढेलो फोकल व्यक्ति तथा वन डढेलो नियन्त्रण दस्ता छनौट गरी परिचालन | डिवका/उपभोक्ता समूह/पालिका | फाल्गुन देखि |
| २० | समयमा नै सहि सूचना दिई डढेलो नियन्त्रण कार्यमा उत्कृष्ट योगदान पुर्याउने व्यक्ति/संस्थालाई सम्मान गर्ने | डिवका | आवश्यकता अनुसार |
| २१ | पालिका स्तरमा वन डढेलो नियन्त्रण तालिम संचालन | डिवका/वन समूह/पालिकाहरु | |
| २२ | Portable fire pump खरिद | पालिका | |

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय सिन्धुली

स्किम श्रेष्ठ
प्रमुख जिल्ला अधिकारी

| | | | |
|---|---|---|---|
| २३ | Wind blown खरिद | डिवका/वन समूह/पालिकाहरु | |
| २४ | Fireline निर्माण | डिवका/वन समूह/पालिकाहरु | |
| २५ | वन क्षेत्रवाट पातपतिङ्गर संङ्कलन गरि पाङ्गरिक मल बनाउने | | चैत्र महिना देखि |
| २६ | ट्याक्टरमा Water Trailer जडान गरि डढेलो नियन्त्रणमा प्रयोग | | |

## ५.९ अपेक्षित उपलब्धिहरु

- सरोकारवालाहरु विच समन्वय र समझदारी बादी वन डढेको नियन्त्रण तथा व्यवस्थापन कार्यमा संयुक्त रूपमा स्रोत परिचालन भै प्रभावकारी रूपमा योजना कार्यान्वय भएको हुने
- जिल्ला भित्रको वन डढेलो संवेदनशील तथा जोखिम क्षेत्र पहिचान भएको हुने
- वन डढेलो सम्बन्धि सूचना तथा जानकारीहरु छिटो माध्यमबाट प्रवाह भै समयमा नै नियन्त्रण भएको हुने
- कुनै विपद परेमा समयमा नै उद्दार कार्य भएको हुने
- वन डढेलो नियन्त्रण सम्बन्धि सूचना सम्प्रेषणवाट जनचेतना वृद्धि भै वन डढेलोको दरमा कमि आउने
- वन र वन्यजन्तुको नोक्सानीमा कमि आउने
- वन डढेलोबाट जनधनको हुन सक्ने क्षति न्यूनीकरण हुने

## ५.१० विद्यमान अवस्था तथा केहि समितता

- डिभिजन वन कार्यालयसँग सिमित बजेट मात्र रहेको र सरोकारवाला कार्यालयहरुमा स्रोतको सुनिश्तिता हुन बाकी रहेको
- कठिन भौगोलिक अवस्था रहेको सल्लाको बाहुल्यता भएको पहाडी वन क्षेत्र
- वन समूहहरु निष्क्रिय प्राय हुदै गएको अवस्थामा समुदायलाई साथ लिई डढेलो नियन्त्रण गर्ने कार्या चुनौतिपूर्ण रहेको
- वन डढेलो नियन्त्रणको लागि तालिम प्राप्त दक्ष र विशिष्ट जनशक्ति तथा स्रोत साधनको अभाव
- वन पैदावार विशेषतः दाउरा, स्याउला, पत्करको प्रयोगमा कमि हुँदा वन क्षेत्रमा ज्वलनशील पदार्थको अत्यधिक वृद्धि

स्किम श्रेष्ठ
प्रमुख जिल्ला अधिकारी

## अनुसुची १ वन डढेलो तथ्यांक सकलन फारम

घटनास्थल जिल्ला........ न.पा./गा.पा. ...... वार्ड नं........ वनको नाम .......

सूचनाकर्ता.................. वन डढेलोको कारण......

वनको प्रकार ............... मुख्य मुख्य प्रजातीहरु...........

डढेलो सुरु मिति र समय................ डढेलो अन्त्य भएको मिति र समय

नोक्सानीको विवरण.........................

| वन डढेलोको प्रकार | क्षतिग्रस्त क्षेत्रफल | वनको खण्ड वा कम्पार्टमेन्ट | नोक्सानी के के भयो ? | वन डढेलोको प्रकार |
|---|---|---|---|---|
| | | | | |

सतह मुनी

सतही

छत्र

मानवीय क्षती (खाद्यन्न गरगहना नगद जनावर घरगोठ सार्वजनिक सम्पती मृतक वा घाईते आदिको विवरण ) उल्लेख गर्ने ।

वन डढेलो नियन्त्रणमा को को परिचालन भए कस कसको सहयोग रहयो ?

सिकाई के भयो ?

सुचना संकलनको नाम, पद ,कार्यालय दस्तखत:

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिन्धुली

स्किम श्रेष्ठ
प्रमुख जिल्ला अधिकारी